राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २, साउन ९ गते शुक्रबार, २०८२ (25 July, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# एमालेको ढोका भण्डारीलाई बन्द

## पूर्वराष्ट्रपति पार्टी जिम्मेवारीमा फर्किए उनले राष्ट्रपति रहँदा गरेका काम समेत विवादित हुने एमालेको दावी

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** राष्ट्रप्रमुख भइसकेको व्यक्ति पूर्व राजनीतिक दलमा फर्कने विषय नेपालको संविधानले परिकल्पना नगरेको भन्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्कने कुरा अस्वीकार्य हुने नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले निर्णय गरेको छ। नवौं केन्द्रीय कमिटीले गरेको सो निर्णयअनुसार भण्डारी पुरानै जिम्मेवारीमा फर्किए उनले पहिले राष्ट्रपति पदमा रहेर गरेका काम समेत विवादित हुने एमालेको दावी छ।



अध्यक्ष केपी शर्मा ओलीले सोहीअनुरूप दिएको सुझावलाई बेवास्ता गर्दै भण्डारीले चुनौती दिएको भन्दै ओलीले पार्टीको केन्द्रीय कमिटीबाटै विद्यालाई पार्टीमा नफर्कन आग्रह गर्ने निर्णय गराएका हुन्। एमालेका एक केन्द्रीय सस्यले भने- 'पार्टी अध्यक्षले दिएको सुझाव र त्यसको जवाफको प्रतीक्षामा रहेका बेला उहाँले कार्यक्रम नै गरेर चुनौती दिएकाले केन्द्रीय कमिटीको बैठकले नै पूर्वराष्ट्रपति विद्यादेवीलाई राष्ट्रको अभिभावक बनेर बस्न आग्रह गर्ने निर्णय सुनायो।' बैठकको निर्णय आउनुअघि नै अध्यक्ष ओलीले भण्डारीलाई राजनीतिमा नफर्कन पार्टीले आग्रह गर्ने बताइसकेका थिए। उनले भनेका थिए- 'पूर्वराष्ट्रपति राजनीतिमा आउनु हुँदैन, आउन मिल्दैन।'

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टी राजनीतिमा सक्रिय हुँदा गणतन्त्रमाथि नै प्रहार हुन सक्ने भएकाले उनलाई सक्रिय राजनीतिमा आउनबाट रोक्ने निर्णय गरिएको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

एमालेको मंगलबार राति सम्पन्न केन्द्रीय कमिटीको बैठकको निर्णय लेख्ने काम समेत भइसकेको जानकारी दिँदै विद्याले पार्टीका लागि ठूलो योगदान दिएको र त्यो योगदानको कदर गर्दै पार्टीले 'गणतन्त्र गौरव' बाट विभूषित गरेको समेत उनले उल्लेख गरे।

क्रमशः अन्तिम पृष्ठमा

# फरक मत राख्ने कसैलाई कारबाही गरिनँ : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टीभित्र जनवादको माग गर्नेहरूलाई आफूले प्रशस्त सिंगौरी खेल्ने अवसर दिएको बताएका छन्। नेकपाका संस्थापक महासचिव पुष्पलालको ४७औं स्मृति दिवसका अवसरमा बुधबार काठमाडौंमा आयोजित गोष्ठीलाई सम्बोधन गर्दै प्रचण्डले यस्तो अभिव्यक्ति दिएका हुन्।

पछिल्लो केही समययता अध्यक्ष प्रचण्ड र उपमहासचिव जनार्दन शर्माबीच घोचपेच चलिरहँदा मंगलबार शर्माले प्रचण्डको नाम नलिइकन 'मनमोहनबाहेक सवै कम्युनिस्ट प्रधानमन्त्रीले भ्रष्टाचार गरेको' अभिव्यक्ति दिएका थिए। त्यसैको जवाफमा बुधबार प्रचण्डले पार्टीभित्र जनवादको माग गर्नेहरूलाई प्रशस्त सिंगौरी खेल्ने अवसर दिएको बताएका हुन्। पार्टीभित्रका भिन्न मतप्रति अलि बढी उदार हुनु आफ्नो कमजोरी रहेको समेत प्रचण्डले बताए। पार्टीभित्र भिन्न मत राखेका नेताहरू कसैलाई पनि आफूले कारबाही नगरेको प्रचण्डले बताए।

'मैले कसैलाई कारबाही गरिनँ, कमरेड मोहन वैद्य 'किरण', बाबुराम भट्टराई, रामबहादुर थापा, अरुअरु थुप्रै-थुप्रै- कसैलाई पनि मैले पार्टीबाट निकालेको चाहिँ छैन,' उपमहासचिव शर्माप्रति लक्षित गर्दै प्रचण्डले भने- 'तर कतिपय साथीहरूलाई लाग्छ- पार्टीबाट ननिकालेर के गर्ने ! बस्ने ठाउँ नै नदिएपछि भन्ने पनि लाग्छ, त्यो पनि सत्य होइन। मैले पर्याप्त छलफलको वातावरण दिने गरेको छु।' 'अहिले पनि केही साथीहरूले ल त भनेर अलिअलि सिँगौरी खेल्न पाए हुन्थ्यो जस्तो गर्नुभएको छ,' प्रचण्डले अगाडि भने- 'उहाँलाई प्रशस्त सिँगौरी खेल्न दिएको छु, अस्ती डेढ महिना देशैभरि लिएर हिंडे मैले।' आफू ३६ वर्षदेखि नेतृत्वमा रहेको उल्लेख गर्दै उनले भने- 'म ३६ वर्षदेखि नेतृत्वमा छु, एकथरी मानिसलाई छटपटी हुन्छ नि, ३६ वर्ष भइसक्यो छोड्दैन, अझै नेतृत्वमा बसिरहन चाहिराख्छ, के तालको ! नेपालमा प्रचण्डबाहेक ३६ वर्षसम्म कार्यकारी पदमा कोही पनि छैन, यो कुरा साथीहरूले भनेको बेला-बेला राति सुत्ने बेला विचार गर्छु। के यो हैरान ! एक मनले सोच्छु- छोड्छु, फेरि अर्कोतिर राम्रो विचार नगरी छाड्यो भने बिग्रने हो कि भन्ने लाग्छ।'

माओवादीले चालेको सुशासन अभियान समेत महत्त्वको नभएको भन्दै उपमहासचिव शर्माले गरेको टिप्पणीप्रति लक्षित गर्दै त्यही सुशासनको अभियानकै कारण शर्मा अप्ठ्यारोमा परेकोतर्फ समेत प्रचण्डले संकेत गरे। 'जो दलाल नोकरशाही पुँजीवादका विरुद्ध लाग्छ, त्योसँग लड्न तयार हुन्छ- त्यो जनवादी हो, जो दलाल पुँजीवादीका पछि लागेर कम्युनिस्ट क्रान्तिकारीका विरुद्ध लाग्छ, त्यो कम्युनिस्ट क्रान्तिकारी होइन र हुन पनि सक्दैन'- प्रचण्डले भने।

# हकिङकर्म : गुरुत्वाकर्षणदेखि स्ट्रिङ सिद्धान्तसम्म

मेरो नाम स्टेफेन हकिङ हो। म एक भौतिक वैज्ञानिक, खगोल वैज्ञानिक र स्वप्नद्रष्टा हुँ। म हिँडडुल गर्न सक्तिनँ र कुराकानी पनि कम्प्युटरको माध्यमबाट गर्छु। तर, मेरो मस्तिष्कको अवस्था धेरै उच्च छ, जसलाई कुनै सहायताको आवश्यकता पर्दैन। मेरो मस्तिष्कले ब्रह्माण्डको सबभन्दा गहन रहस्यलाई बुझ्ने प्रयास गर्छ। हाम्रो ब्रह्माण्ड यस्तो किन छ ? यो नियम र कानुनमा किन चल्छ ? यसमा रहेका सबै चीज किन निमयसङ्गत ढङ्गले चलिरहेका छन् ? यसलाई जान्ने प्रयाससँगै हामीले अरु गहन रहस्यहरूलाई पत्ता लगायौं।

ब्रह्माण्डको वास्तविक रहस्य करिब-करिब हामीले थाहा पाइसकेका छौं। त्यहाँसम्म पुग्ने हाम्रो यात्रा धेरै जटिल थियो। यसको सुरुवात करिब साँढे तीनसय वर्ष पहिले इङ्ल्याण्डको एउटा सानो शहर क्याम्ब्रिजमा भएको थियो। यो कुरा सन् १६६५ को हो। सर आइज्याक न्यूटनको सोच बिल्कुल फरक थियो। उनले ब्रह्माण्डलाई बिल्कुल नयाँ दृष्टिकोणबाट हेरेका थिए। न्यूटनले प्रकृति संचालित हुने बृहत योजना

**समय- सन्देश**

अनु./सम्पा. नारायण गिरी

अर्थात् रहस्यम नियमहरूको खोजीकार्य सुरु गरेका थिए। उनका प्रश्न थिए : चीजहरू किन चल्छन् ? तिनीहरू किन रोकिंदैनन् ? सबभन्दा ठूलो कुरा तिनीहरू जमिनमै किन खस्छन् ?

ब्रह्माण्डको संरचनाभित्र बल छ, जसको कारण हरेक चीजले एक-अर्कोतिर आकर्षित गर्छन्। त्यो बल गुरुत्वाकर्षण बल थियो। गुरुत्वाकर्षणले केवल पृथ्वीमा मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा काम गर्छ र यसको शक्ति केही आधारभूत चीजहरूमा निर्भर हुन्छ। त्यो ती चीजहरूको भार र तिनीहरूको बीचको दूरी हो। यी प्रश्नको उत्तर खोज्नको लागि न्यूटनले गणितको एक बिल्कुल नयाँ भाषा निर्माण गरे। जसलाई उनले 'क्यालकुलस' भने। यो उनको एउटा धेरै महत्त्वपूर्ण खोज थियो। आज संसारभरीका वैज्ञानिक यसको प्रयोग गर्दछन्। अहिले हामी हरेक चीजभित्र लुकेका संयन्त्रहरूको पत्ता

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -**लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- २, साउन ९ गते शुक्रबार, २०८२

## सम्पादकीय

# घरझगडा घरैमा मिलाऊ, राष्ट्र प्रदूषित नतुल्याऊ

राजनीतिक दलहरूले सुशासन, समृद्धि र सामाजिक न्याय दिन त सकिरहेका छैनन् नै निरन्तर आफूभित्रै मारामारको स्थिति सिर्जना गरेर समग्र राष्ट्र, समाज र नागरिकलाई नै प्रदूषित तुल्याउँदै आएका छन् । सकेसम्म झगडा नगर्नु र गर्नैपर्ने स्थिति आइलागेमा पनि घरभित्रको झगडा घरभित्रै मिलाएर राष्ट्रलाई डिस्टर्ब नगर्नु दलहरूको प्राथमिक दायित्व हो ।

मुलुकको नेतृत्व समालिरहेका कांग्रेस-एमाले निरन्तर घरझगडामा तल्लिन छन् । कांग्रेसका सभापति शेरबहादुर देउवा र इतर पक्षका नेता शेखर कोइराला मात्र होइन, अन्य कयौं नेताहरूले उक्त दलभित्र रडाको मच्चाइरहेका छन् । एमालेमा सवैलाई 'तह लगाउन' विगतदेखि मिलेर गुटबन्दी गरेका अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वमा पूरै एमाले कचिङ्गलग्रस्त छ। तेस्रो ठूलो दल माओवादीमा अध्यक्ष प्रचण्ड, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र पछिल्लो समय उपमहासचिव जनार्दन शर्माका बीच बहुपक्षीय द्वन्द्व झाङ्गिँदो छ। अझ भर्खरै जन्मेको सानो क्षेत्रीयतावादी दल नागरिक उन्मुक्ति पार्टीमा त श्रीमान्-श्रीमती रेशमलाल चौधरी र रन्जिता श्रेष्ठबीचको रडाकोले सिङ्गै पार्टी मात्र होइन कि समाजलाई नै प्रदूषित तुल्याइरहेको छ। त्यस्तै अर्को सानो र नयाँ दल सीके राउतवाला समूहमा पनि झगडा निकै पेचिलो र चर्को छ।

आफैंभित्र, आफ्नै परिवारमा र आफ्नै नेता-कार्यकर्ताबीच समन्वय, सहिष्णुता र हार्दिकता कायम गर्न नसक्नेहरूले देशकै बागडोर समाल्दा मुलुकको हविगत के-कस्तो होला ? सहजै ठम्याउन सकिन्छ। जो भोगिरहिएकै पनि छ।

## हकिङकर्म...

लगाइरहेका छौं । यो कार्य सम्पन्न गर्न धेरै महान वैज्ञानिकहरूको योगदान छ र हामी तिनीहरूको काँधमाथि हिडिरहेका छौं । उनीहरूले ब्रह्माण्डले काम गर्ने तरीकाहरूको एक-एक कडी जोडेका थिए। ती महान वैज्ञानिकहरूमध्ये एक जेम्स क्लर्क म्याक्सवेल थिए। म्याक्सवेललाई प्रकाशप्रति विशेष लगाव थियो र यही लगावको कारण उनले सन् १८६१ मा 'कलर फोटोग्राफी' को खोज गरेका थिए। तर यो त सफलताको सुरुवात थियो, जुन यी महान वैज्ञानिकले हासिल गरेका थिए। त्यहीबेला उनले भौतिकविज्ञानकमा एक अलग साम्राज्यको खोज सुरु गरेका थिए। त्यसले सबै कुरा परिवर्तन गरेको थियो। यो चुम्बक र विद्युतबीचको अनौठो र विचित्र सम्बन्ध थियो। यसमा केही पनि जटिल छैन। यदि हामीले एउटा तारको निकट चुम्बक लग्यौं भने त्यो तारमा विद्युत धारा बग्न लाग्छ। यदि तारमा विद्युत धारा बगिरहेको छ भने त्यसले चुम्बक जसरी नै काम गर्छ र कम्पासको सुईले दिशा बदल्छ। तर यो कुन चीजसँग जोडिएको छ ? म्याक्सवेलका अनुसार चुम्बकत्व र विद्युत एकै सिक्काका दुई पक्ष हुन् । ऊर्जाको धारा विद्युतीय पनि हुन्छ र चुम्बकीय पनि । उनले यसलाई विद्युत-चुम्बकीय तरङ्ग भने ।

फेरि एउटा अर्को आश्चर्यजनक कुरा अगाडि आयो। हिसाब गर्दा के थाहा भयो भने यो धेरै तीव्र गतिले चल्छ; २ लाख ९९ हजार ३ सय २८ किलोमीटर प्रतिसेकेण्डको गतिबाट। यो त्यही गति थियो, जुन पहिलेदेखि प्रकाशको गति मान्दै आइएको थियो। यसबाट प्रकाश पनि एक विद्युत-चुम्बकीय तरङ्ग हो भन्ने नतिजामा पुगियो। म्याक्सवेलले विद्युत, चुम्बक र प्रकाशलाई चार्ट समीकरणको एक श्रृङ्खलामा जोडे। विज्ञानको इतिहासमा यो सबभन्दा ठूलो खोज थियो। यी समीकरणहरूलाई म्याक्सवेलको नियम भनिन्छ। यसले उत्तरी र दक्षीणी ध्रुबमा प्रकाशको शानदार दृष्टिकोण प्रस्तुत गर्नेदेखि लिएर आजको संसार चलाउने विद्युतीय र संचार प्रविधिलाई संचालन गर्छ। आजको संसारका हरेक यन्त्र म्याक्सवेलले बताएका नियमहरूमा नै चल्छन्। विद्युत-चुम्बकत्वले हाम्रो पृथ्वीलाई प्रकाशित गरिराखेको छ। तर प्रकाश म्याक्सवेलको आशाभन्दा धेरै रोचक चीज हो। यद्यपि उनलाई यो कुरा थाहा थिएन तर उनले त्यो बृहत योजनाको एउटा धेरै महत्त्वपूर्ण रहस्य खोजेर निकालेका थिए। त्यो रहस्य प्रकाशको गति थियो।

उन्नाईसौं शताब्दीको अन्तसम्म न्यूटन र म्याक्सवेलको अद्बितीय खोजबाट ब्रह्माण्डका सम्पूर्ण रहस्य खुल्नेछन् भन्ने मान्न लागिएको थियो। तर त्यहीबेला दुई अमेरिकी भौतिकशास्त्री अल्बर्ट माइकेल्सन र एडवर्ड मोरलेले एक बिल्कुल नयाँ खोज गरे। उनीहरू के पत्ता लगाइरहेका थिए भने करिब तीन लाख किलोमीटर प्रतिसकेण्डको गतिमा चल्ने प्रकाश पनि म्याक्सवेलले बताएअनुसार एक धारा हो। उनीहरूले जसरी पानीको धारा हुन्छ, त्यसरी नै ऊर्जाको पनि धारा हुन्छ भन्ने पत्ता लगाए। हावामा तरङ्गित हुने आवाज पनि ऊर्जाकै धारा हुन्। त्यसरी नै प्रकाशका धारा पनि कुनै चीजको सहाराबाट नै चल्नुपर्छ। उनीहरूले यो चीजलाई 'ल्यूमिनिफेरस इथर' (एक काल्पनिक माध्यम, जसलाई अन्तरिक्षमा प्रकाशको प्रसारको लागि आवश्यकता मानिएको थियो तर पछि यो सिद्धान्त खण्डित भयो) भने। माइकेल्सन र मोरलेले पृथ्वी तथा सूर्यको बीचको अन्तरालमा पनि सामेल भएको अन्तरिक्ष यो रहस्यमय इथरले भरिएको छ भन्ने कुरा गरे। उनीहरूको मान्यता अनुसार सूर्यको प्रकाश पनि त्यही इथरको माध्यमबाट पृथ्वीसम्म आइपुग्छ, किनकि पृथ्वीले पनि सूर्यको परिक्रमा गरिरहेको छ। यसको अर्थ त्यो पनि त्यही इथरको बीचमा घुमिरहेको छ। यस्तो भएको खण्डमा त्यसमा इथर एक हावा बन्छ, जुन पृथ्वीको सतहमा बहन्छ।

माइकेल्सन र मोरेलेका अनुसार त्यो इथर हावा पृथ्वीमा पनि पत्ता लगाउन सकिन्छ। र, त्यसको असरलाई मापन गर्नको लागि उनीहरूले एक प्रयोग पनि गरे। पृथ्वीले लगातार सूर्यको परिक्रमा गरिरहेको छ, त्यसकारण यहाँ अन्य हावा पनि हुन्छ र त्यसले पृथ्वीमा प्रकाशको गतिमा असर पार्छ। यदि प्रकाश एक किरणको पछाडि इथर हावा पनि हुन्छ भने प्रकाश धेरै तीव्र रूपमा अगाडि बढ्छ। तर यदि प्रकाश यसको ठीक विपरीत गइरहेको छ भने त्यसको सामुन्नेबाट आउने इथर हावासँग जुध्नुपर्छ र त्यसको गति कम हुनुपर्छ। यी दुवै गतिको बीचको अन्तरलाई मापन गरियो तर तिनीहरूमा कुनै फरक देखिएन। प्रकाश जुन दिशामा गइरहेको भए पनि त्यसको गतिमा कुनै फरक देखिएन। यो नतिजा आश्चचर्यजनक थियो, अर्थात् 'ल्यूमिनिफेरस इथर' को कुनै अस्तित्व नै थिएन।

योभन्दा ठूलो कुरा प्रकाशको गति हरेक दिशामा एकै हुन्छ भन्ने थियो। आधुनिक प्रयोगहरूले धेरै पटक यो खोजलाई पुष्टि गरेका छन्। प्रकाश जुनसुकै दिशामा गएपनि त्यसको गति बदलिंदैन। त्यसपछि माइकेल्सन र मोरलेले आफ्नो राय गलत भएको स्वीकार गरे; इथरको कुनै अस्तित्व नै थिएन। तर यो प्रयोग पूर्ण रूपमा असफल भएको भने थिएन। त्यो विज्ञानको इतिहासको एक महत्त्वपूर्ण गल्ती थियो। प्रकाश एक तरङ्ग हो, जुन कुनै माध्यमबिना बहन्छ। यो कति विचित्र कुरा थियो। यसको गति पनि बदलिंदैन भन्ने कुरा अझ विचित्र थियो। तर यस्ता कुराले प्रायः नयाँ खोजतिर मार्गप्रशस्त गर्छन्। यही खोजको कारणले गर्दा आजसम्मका धेरै ठूला खोज हुनसकेका हुन्।

प्रकाशको गति बदलिंदैन भन्ने खोजले ब्रह्माण्डको बारेमा वैज्ञानिकहरूको विचारलाई नै बदलिदियो। यसपछि एक महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइन अगाडि आए। उनले प्रकाशको प्रकृतिको बारेमा एक गहिरो रहस्य खोले। आइन्स्टाइनले एउटा धेरै सामान्य प्रश्न उठाएका थिए। सामान्य रेल जस्तै चीज कति तीव्रतापूर्वक चल्न सक्छन् ? पृथ्वी आफ्नो धूरीमा करिब सोह्र सय सत्तरी किलोमीटर प्रतिघन्टाको गतिमा घुमिरहेको छ। माथिबाट हेर्दा रेल बढी तीव्रतापूर्वक चलेको जस्तो महसुस हुन्छ। पृथ्वी करिब एक लाख प्रतिघन्टाको गतिमा सूर्यको चक्कर लगाइरहेको छ। सूर्य पनि स्थिर छैन। त्यसले हाम्रो आकाशगंगाको केन्द्रको परिक्रमा गरिरहेको छ। आकाशगंगाहरू पनि अन्तरिक्षमा घुमिरहेका छन्। यस्तो अवस्थामा रेलको गति कति होला ? यो कुरा कहाँबाट हेरिएको छ भन्ने कुरामा निर्भर हुन्छ।

अब समस्या के हो त ? गति हाम्रो दृष्टिमा निर्भर हुन्छ भन्ने कुरा त सबैले बुझ्न सक्छन्। तर जहाँसुकैबाट हेरे पनि रेलको जसरी प्रकाशको गति बदलिंदैन। आइन्स्टाइनको कल्पना अनुसार एउटा मानिस रेलको डिब्बाको बीचमा लाइटरसँग खेलिरहेको हुन्छ र त्यो डिब्बाको किनारामा उभिएका दुई जना मानिसले हेरिरहेका छन्। दुवै लाइटरबाट बराबर दूरीमा छन्। दुवै व्यक्तिले के देखिरहेका छन् भन्ने ठूलो प्रश्न होइन, मुख्य प्रश्न तिनीहरूले कहिले देखिरहेका छन् भन्ने हो। दुवै एकै डिब्बामा छन् र एकै गतिमा गइरहेका छन्। त्यसकारण दुवैले प्रकाशलाई एकै समयमा देख्नेछन्। तर यदि कोही डिब्बाभन्दा बाहिर हुन्छ भने उसले के देख्नेछ ? उसको दृष्टिमा रेल अगाडि गइरहेको छ। त्यसकारण प्रकाशको किरण पनि केही अगाडि जानेछ। त्यसपछि त्यो अगाडिको व्यक्तिसम्म पुग्नेछ। तर अर्कोतिर पछाडि उभिएको व्यक्तितिर जाने किरणले केही कम दूरी तय गर्नेछ। किनकि त्यो उसतर्फ आइरहेको छ। त्यसले प्रकाशको किरण पछाडिको व्यक्तिकोमा अगाडि उभिएको व्यक्तिभन्दा छिटो पुगेको देख्छ। यसको अर्थ चलिरहेको रेलको डिब्बाभित्र कोही बसेको छ भने त्यसको लागि कुनै पनि घटना एकै समयमा हुन्छ तर यदि रेलको प्लेटफर्ममा उभिएको छ भने त्यो अलग-अलग समयमा हुन्छ। अब यसको अर्थ के हो भन्ने बुझ्नुपर्छ। कुनै पनि घटना एकै समयमा भयो वा भएन भन्ने कुरा बताउन सकिंदैन। सच्चाई त्यसलाई कहाँबाट हेरिएको छ भन्ने कुरामा निर्भर हुन्छ।

यही कुरालाई ब्रह्माण्डको परिमाणमा लिइयो भने मामिला अझ जटिल हुन्छ। यदि सच्चाई हामी कहाँ छौं भन्ने कुरामा निर्भर हुन्छ भने ब्रह्माण्डमा के भइरहेको छ भन्ने कुरा कसरी थाहा हुन्छ ? योभन्दा पनि ठूलो कुरा यदि ब्रह्माण्डमा दुई घटना एकै समयमा भइरहेको छ वा छैन भन्ने कुरा जान्न सकिंदैन भने ब्रह्माण्डले काम कुन प्रकारले गर्छ भन्ने कुरा कसरी जान्न सकिन्छ ? आइन्स्टाइनले यो प्रश्नको उत्तर आफ्नो विशेष सापेक्षतावादको सिद्धान्तबाट दिएका थिए। उनका अनुसार सच्चाई लचक हुन्छ। किनकि समय स्वयं लचक हुन्छ। यो कुरा विचित्र लागे पनि यो लचकताबाट नै भौतिविज्ञानको एक बिल्कुल नयाँ अवधारणा बन्यो।

आइन्स्टाइनका अनुसार चुम्बकत्व, विद्युत र प्रकाश जसरी नै समय र स्थान पनि एक-अर्कोसँग जोडिएका हुन्छन्। यसलाई उनले स्थान-समय (स्पेस-टाइम) भने। यो स्पेस-टाइम पनि लचक हुन्छ र यो मोडिन्छ। यो तारा, ग्रह र तारामाण्डलहरूको बाहिर दबिन पनि सक्छ। सबभन्दा रोचक कुरा त के छ भने यी विकृतिहरूबाट ती रहस्यमय बलको बारेमा पनि थाहा हुन्छ, जसको खोज न्यूटनले धेरै अगाडि गरेका थिए। गुरुत्वाकर्षणले नै स्थान-समयलाई विकृत (धबचउ) गर्दछ। मानौं एउटा डुङ्गा शान्त तालमा बिल्कुल सीधा मार्गबाट अगाडि गइरहेको छ र त्यो ताल अन्तहीन छ। त्यो शान्त ताल केवल स्पेस-टाइम जस्तै छ। अब मानौं त्यो ताल मुनि एउटा ठूलो खाडल बन्छ र सबै पानी त्यसैमा बग्छ। ताल पनि त्यसरी नै विकृत हुन्छ, जसरी एउटा ग्रहबाट स्पेस-टाइम। यसको असर के हुन्छ भने डुङ्गा पनि त्यो खाडलतिर तानिनेछ र त्यो त्यसको वरिपरि मोडिन लाग्छ, जबकि त्यसलाई अहिले पनि सीधा मार्गबाट नै अगाडि बढाइरहिएको छ। बिल्कुल यस्तै असर स्पेस-टाइममा कुनै विशाल तारा वा ग्रहको हुन्छ। त्यसले आफ्नो चारैतिर घुमाउन लाग्छ; आफूतिर तान्न लाग्छ। यही नै गुरुत्वाकर्षण हो।

आइन्स्टाइनले ब्रह्माण्डको संरचनालाई धेरै गहिराईपूर्वक हेरे र त्यसभित्रको शिल्पकारितालाई बुझे। प्रकाशको निश्चित गति पत्ता लगाएको दस वर्षपछि उनले समय र स्थान विकृत हुँदा प्रकृतिको आधारभूत क्षण गुरुत्वाकर्षण पनि कम हुन्छ भन्ने कुरा पत्ता लगाए। उनको यो खोजले ब्रह्माण्डको त्यो गुप्त रहस्यको खोजको अझ निकट लिएर गयो। आइन्स्टाइनले ब्रह्माण्डको शिल्पकारितालाई देखेका त थिए तर उनले त्यसले कसरी काम गर्छ भन्ने कुरा जान्न सकेका थिएनन्। उनको सिद्धान्त प्रकाशको गतिमा आधारित थियो। तरङ्ग अन्तरिक्षको खाली भागमा अत्यन्तै तीव्र रूपमा अगाडि बढ्छ र त्यसबाट त्यो तरङ्ग आखिर के हो भन्ने कुरा थाहा हुँदैन।

यो प्रश्नको उत्तर सन् १९१९ मा एक जर्मन वैज्ञानिक थियोडोर कलुजाले दिए। उनी गणितशास्त्री थिए। उनी कुनै पनि सिद्धान्तलाई धेरै गम्भीरतापूर्वक लिन्थे। सिद्धान्तलाई व्यवहारिक रूप दिने क्रममा कलुजा कुनै कुरासँग पनि डराउँदैनथे। उनको सिद्धान्त ब्रह्माण्डलाई बुझाउने सबै चीजको सिद्धान्त (Theory of Everything) थियो। गुरुत्वाकर्षणको बारेमा आइन्स्टाइनबाट प्रेरणा लिएर कलुजाले यसलाई विद्युत-चुम्बकत्व र प्रकाशमा पनि प्रयोग गर्ने कुरा सोचे। के प्रकाशको तरङ्ग (जस्तो कि ब्रह्माण्डको संरचनामा उठ्ने तरङ्ग) स्थान-समयको सबभन्दा ठूलो विकृति हो ? यो एउटा महत्त्वपूर्ण प्रश्न थियो र उत्तर हो भन्ने मिल्यो।

यो समयमा भौतिकविज्ञानले ब्रह्माण्डका धेरै साना चीजहरूको अध्ययन गरेको थियो। एक परमाणुभित्र ब्रह्माण्डका धेरै विचित्र र उथलपुथलकारी स्थान देखिंदैथ्यो। एक यस्तो स्थान, जहाँका नियम लागू हुँदैनथे। यो संसार कति विचित्र थियो भन्ने कुरा एक सामान्य प्रयोगबाट थाहा हुन्छ। त्यो प्रयोगमा धेरै साना-साना कण इल्क्ट्रोनको प्रयोग गरिएको थियो। त्यसमा 'डिटेक्टर' को दुई सूक्ष्म छिद्रतिर इलेक्ट्रोहरूको वर्षा गराइयो। सामान्य धारणा के थियो भने यी इलेक्ट्रोन ती छिद्रमा 'डिटेक्टर' का दुई विशेष ठाउँमा टकराउनेछन्। तर यस्तो भएन। के भयो भने डिटेक्टरले एक 'प्याटर्न' बनायो, जसमा केवल दुई मात्र नभएर धेरै रेखाहरू थिए। इलेक्ट्रोन वा यति सानो चीजले कुनै यस्तो कार्य गर्न सक्छ भन्ने कुरा कसैले सोचेको पनि थिएन। यी साना-साना इलेक्ट्रोनहरूले भौतिकविज्ञानका नियम तोडिदिएका थिए। यो कुरा धेरै विचित्र थियो।

सम्भवतः ब्रह्माण्डको रहस्य हाम्रो बोधभन्दा पर थियो। किनकि हाम्रो दिमाग अझै त्यो स्तरसम्म पुग्न सकेको थिएन। भौतिकवैज्ञानिकको लागि सबभन्दा जटिल कुरा त्यो उप-पारमाणविक उथलपुथल र वास्तविक संसारमा सहज ढङ्गले हुने हरेक चीजहरूको बीचमा यति ठूलो फरक थियो। तर यो धेरै समयसम्म रहेन। सन् १९५० को दशकमा एक जना व्यक्तिले त्यो संभावनामाथि आफ्नो विचार दिए। उनी रिचर्ड फ्रिडमेन हुन्। फ्रिडमेनले आफ्नो एक खेललाई क्वान्टम संसारको अनिश्चिततासँग जोडिदिए। उनको दावीअनुसार जसरी रोलेटको बलले मौकाको नियमको पालना गर्छ, त्यसरी नै इलेक्ट्रोनले पनि गर्छन्। हरेक खेलाडीले बल कुन नम्बरमा आएर बस्नेछ भन्ने कुराको दावी गर्न सक्दैन तर त्यो संभावनाहरूमा अगाडि बढ्छ। धेरै पटकमा एक पटक उसको तीर सही निशानमा लाग्ने आशा हुन्छ। यही सम्भावनाको आधारमा फ्रिडमेनले त्यो विशेष नियम बनाए, जसको आधारमा सम्भवतः कुनै खास क्वान्टम घटना हुन्छ। उनले क्वान्टम संसारलाई साथ लिएपछि विज्ञान पनि असमान्जस्यताको सँघारबाट अगाडि आयो।

फ्रिडमेनले भौतिवैज्ञानिकको लागि धेरै ठूलो सहयोग गरेका थिए। क्वान्टम संसारको बारेमा पनि अनुमान लगाउन सकिन्छ भन्ने उनको खोजबाट हामीलाई त्यो बृहत योजनाको खोज पुनः गर्ने मौका मिल्यो। भौतिकविज्ञानले अब त्यो सम्बन्ध खोज्न लाग्यो, जसले ब्रह्माण्डका ठूलाभन्दा ठूला परिमाण वा सानाभन्दा साना परिमाणलाई जोड्थे। यसका लागि पुनः थियोडोर कलुजाको मद्दत लिऔं। भौतिकवैज्ञानिक अब त्यो तरीका खोज्न लागेका थिए, जसबाट तिनीहरूको सिद्धान्तको प्रयोग प्रकृतिका सानाभन्दा साना चीजहरूमा गर्न सकियोस्। परमाणुभित्रको संसारमा इलेक्ट्रोनले चक्कर लगाउँछन्, त्यसको केन्द्र अन्य कणहरूबाट बनेको हुन्छ, जसलाई न्यूट्रोन र प्रोटोन भनिन्छ। तिनीहरूभित्र अझ सूक्ष्म चीजहरू हुन्छन्, जसलाई क्वार्क भनिन्छ। क्वार्क जुन चीजबाट बनेका हुन्छन्, तिनीहरूलाई भौतिकवैज्ञानिक स्ट्रिङ भन्छन्। र, तिनीहरू समय र स्थानका धेरै जटिल विकृति हुन्। तिनीहरूलाई भायलिनको कम्पित तार जस्तै मान्न सकिन्छ। जसरी भायलिनका तार कम्पित भएर अलग-अलग सुर निकाल्छन्, त्यसरी नै उपपारमाणविक (सब-एटमिक) तार कम्पित हुँदा अलग-अलग प्रकारका आधारभूत कण बन्छन्। यिनै ती सूक्ष्म कण हुन्, जसले हाम्रो वरिपरिको ब्रह्माण्डको रचना गरेका छन्।

कलुजा र आइन्स्टाइनका सिद्धान्तमा आधारित स्ट्रिङ सिद्धान्तका अनुसार तारहरूको कम्पनबाट स्थान-समयमा धेरै सूक्ष्म परिमाणमा विकृति (बक्रता) पैदा हुन्छ। तिनीहरूले यो काम १० आयाममा गर्छन्। तारले एक प्रकारले कम्पन गर्दा तिनीहरू खास प्रकारका आधारभूत कण बन्छन्, जस्तो कि क्वार्क। तर तिनीहरू अर्कोतिर कम्पित हुँदा यसबाट न्यूट्रिनो बन्छन्, जुन फरक प्रकारका कण हुन्। स्ट्रिङ सिद्धान्तबाट यी कण जसरी सङ्गीतका सुर जसरी एक-अर्कोको सम्पर्कमा रहन्छन्, तिनीहरूले यस्तो किन गर्छन् भन्ने कुरा पत्ता लगाउन सकिन्छ। यहींबाट भौतिकविज्ञानका सम्पूर्ण नियम बनेका छन्। ती नियमबाट ब्रह्माण्डका हरेक

क्रमशः चौथो पृष्ठमा

# स्थानीय सरकारलाई प्रभावकारी बनाउन समीक्षा आवश्यक : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले संविधान कार्यान्वयनको राम्रोसँग समीक्षा गरेर मात्रै संविधान संशोधन गर्नुपर्नेमा जोड दिएका छन् । बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले स्थानीय सरकारलाई कति प्रभावकारी बनाउन सकियो भनेर समीक्षा गर्नु जरुरी रहेकोतर्फ जोड दिएका हुन् ।

संविधान कार्यान्वय कस्तो रह्यो भनेर समीक्षा गर्नुपर्नेमा जोड दिँदै पूर्वप्रधानमन्त्री दाहालले समीक्षापछि मात्रै संशोधन र परिमार्जनको प्रक्रियामा जान जरुरी रहेकोतर्फ औंल्याए । 'हामीले स्थानीय सरकारलाई कति प्रभावकारी बनाउन सकियो, सकिएन समीक्षाको बेला आएको छ । हामीले संविधान कति राम्रोसँग कार्यान्वयन गर्न सकियो, सकिएन, त्यसको पनि समीक्षाको बेला आएको छ । हामी पहिला त समीक्षा गरौं त्यसपछि संशोधन र परिमार्जनको प्रक्रियामा लैजाऔं' पूर्वप्रधानमन्त्री दाहालको भनाइ थियो 'यसमा पनि सबै बुद्धिजीवी, नेता, कार्यकर्ताहरू र राजनीतिक दलको ध्यान जाओस् ।'

कुनै पनि राजनीतिक दलबाट महिला अघि आउने कुरा आफ्नो लागि खुसीको कुरा भएको चर्चा गर्दै उनले महिला, दलित, आदिवासी, जनजाति, थारुलगायतले पाएको अधिकारलाई इतिहासले सम्मान गरिसकेको बताए ।

# भण्डारीको पक्षमा बोले कारबाही गर्ने संस्थापन पक्षको चेतावनी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को केन्द्रीय कमिटि बैठकमा विधानमा रहेको ७० वर्षे उमेरहद हटाएर अध्यक्षमा केपी शर्मा ओलीलाई नै निरन्तरता दिने बिदा गरेर नयाँ नेतृत्व ल्याउने भन्ने बारे बहस चलेको भए पनि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई राजनीतिमा दलको राजनीतिमा आउने बाटो बन्द गरेको छ ।

भण्डारीले एमालेको अध्यक्ष बनेर राजनीतिमा सक्रिय हुने आकांक्षा गरेकी थिइन् भने अध्यक्ष ओलीले उनलाई रोक्ने मात्रै होइन उनको पक्षमा बोल्नेलाई पनि कारबाही गर्ने चेतावनी दिएका थिए। संस्थापन पक्षको त्यस किसिमको कठोर चेतावनीका बाबजुद पनि उपाध्यक्षद्वय युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेलगायत भण्डारीका पक्षमा खुलेर प्रतिवाद गरेका थिए भने स्थायी कमिटी सदस्य कर्ण थापाले अध्यक्षको निर्णयमा 'नोट अफ डिसेनट' लेखेका छन् । तथापि अध्यक्ष ओलीको प्रस्ताव केन्द्रीय समितिबाट अनुमोदन भएको छ । यसअघि सोमबार केन्द्रीय कमिटीको बैठकको सुरुमा नै अध्यक्ष ओलीले भण्डारीको प्रवक्ता नबन्न चेतावनी दिएका थिए । 'कोही उहाँ (भण्डारी)को प्रवक्ता बन्नुभएको छ, किन पर्‍यो त्यो' केन्द्रीय कमिटी बैठक अघि नै अध्यक्ष ओली र महासचिव शंकर पोखरेलले इन्चार्जहरू मार्फत ओलीको पक्षमा बोलन र विद्याको विपक्षमा बोल्न निर्देशन दिएका थिए ।

पोलिटब्युरो बैठक सकिएपछि भोलिपल्ट साउन ४ गते सबै प्रदेशमा इन्चार्जहरूलाई प्रधानमन्त्री निवास बालुवाटारमा बोलाएर निर्देशन दिइएको थियो । केन्द्रीय कमिटी बैठक सुरु हुनुअघि आ-आफ्ना प्रदेशका केन्द्रीय सदस्यहरूको बैठक राखेर ओली पक्ष र भण्डारीको विपक्षमाा बोल्न कडा निर्देशन दिएका थिए। एक केन्द्रीय सदस्यका अनुसार पार्टी नेतृत्वबाट चौतर्फी चेतावनी र दबाबका बाबजुद पनि केन्द्रीय सदस्यहरू कैलास ढुंगेल, इन्द्रलाल सापकोटा, रचना खड्का, अरबिन्द सिंह, युवराज बास्कोटा, रामलाल साह, बिनादेवी राई, शिव सुवेदी, शिव सुवेदी, केदार न्यौपाने, पार्वती रावलसहित नेताहरूले भण्डारीका पक्षमा खुलेका छन् ।

यसैबीच केन्द्रीय सदस्य केदार न्यौपानेले पुर्वराष्ट्रपति भण्डारीलाई विवाद नगरी पार्टीमा स्वागत गर्नुपर्नेमा जोड दिए । 'विद्या भण्डारी पार्टीमा लाग्दा यो पार्टी बलियो नै हुन्छ' उनले भने 'राष्ट्रपति बनाउने निर्णय यो पार्टीले गरेको हो र उहाँले त्याग्नु भएको सदस्यता भनिएको कुरा प्राविधिक कुरा हो, त्यसैले उहाँको पार्टी सदस्यलाई विवादको विषय नबाइयोस् र उहाँलाई पार्टीमा स्वागत गरियोस् ।'

अर्का केन्द्रीय सदस्य युवराज बास्कोटाले भण्डारीमाथि भइरहेको टिप्पणी गलत भएको बताए। भण्डारी राजनीतिमा सक्रिय हुँदा कोकोहोला मच्चाइएको भन्दै बास्कोटाले रोष प्रकट गरेका थिए। एउटा वडाध्यक्ष पार्टीप्रवेश गर्दा अगाध खुशी छाउने पार्टीमा पूर्वराष्ट्रपतिको सदस्यता नवीकरणको विषयलाई लिएर आलोचना, विरोध निन्दाको शिकार हुनु गलत भएको उनको भनाइ थियो ।

केन्द्रीय सदस्य कैलाश ढुंगेलले भण्डारीलाई पार्टीले राष्ट्रपति बनाएको उल्लेख गर्दै उनले हासिल गरेको ज्ञानलाई पार्टी निर्माणमा प्रयोग गर्नुपर्नेमा जोड दिए। मंगलबारको बैठकमा उषाकिरण तिम्सेनाले पार्टीमा निःशर्त नेतृत्व र पुस्तान्तरण हुनुपर्नेमा जोड दिइन् । वर्तमान अध्यक्ष ओलीले दुई कार्यकाल अध्यक्ष चलाएर नेतृत्व गर्ने पर्याप्त अवसर पाएको भन्दै उनले नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको माग गरिन् ।

# ज्येष्ठ नागरिकका माग पूरा गर्न पहल गर्छौं : माओवादी

**काठमाडौं ।** ज्येष्ठ राष्ट्रिय नागरिक महासंघले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको निवास खुमलटार पुगेर बिहीबार आफ्ना विभिन्न माग सम्बोधन गरिदिन आग्रह गरेको छ ।

पूर्वप्रधानमन्त्री दाहाललाई निवासमै पुगेर भेटेका ज्येष्ठ नागरिक महासंघका प्रतिनिधिले सार्वजनिक यातायातमा छुट, नागरिकता नपाएका ज्येष्ठ नागरिकको पहिचान र व्यवस्थापन, वृद्धभत्ता वितरण प्रणालीमा सुधार, आर्थिक वर्गीकरणका आधारमा भत्ता दिने व्यवस्था, राष्ट्रियसभामा ज्येष्ठ नागरिकको तर्फबाट प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेसहितका माग गरेका हुन् ।

महासंघले दुई हजार पाँच सयभन्दा बढी ज्येष्ठ नागरिक नागरिताविहीन रहेका भन्दै नागरिकता नहुँदा राज्यका सेवाबाट वञ्चित बनाइएको समस्या समाधानका लागि नेतृत्व दिइलिन अध्यक्ष दाहालसँग अनुरोध गरेको छ ।

महासंघका मागलाई गम्भीरतापूर्वक लिएको जवाफ दिँदै अध्यक्ष दाहालले ज्येष्ठ नागरिकका माग पूरा गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको दाहालको सचिवालयले जानकारी दिएको छ। 'तपाईंहरूले उठाएका माग न्यायसंगत छन्' पूर्वप्रधानमन्त्री दाहालको भनाइ थियो 'म आफ्नो सहयोग गर्नेछु। यी मागलाई कार्यान्वयन गर्ने सम्बन्धमा माओवादी केन्द्रले सकारात्मक पहल गर्नेछ ।'

अध्यक्ष दाहालले बिहीबारै कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका धितालस्थित भेडाबारीमा स्थानीय जग्गादाता, विभिन्न राजनीतिक दलका प्रतिनिधि र जनप्रतिनिधिको टोलीले खुमलटार भेट गरी एन्फा टेक्निकल सेन्टर निर्माण प्रक्रिया अगाडि नबढेको भन्दै पहल गरिदिन आग्रह गरेका छन् ।

प्रतिनिधिले सो क्षेत्रमा सर्वेक्षण, वातावरणीय प्रभाव मूल्यांकन, माटो परीक्षणलगायत प्रारम्भिक काम सम्पन्न हुनुका साथै पालिकाको पहलमा जग्गा हस्तान्तरण भइसकेको जानकारी गराए । प्रारम्भिक चरणमा बजेट विनियोजन, बोलपत्र आह्वान प्रक्रिया सम्पन्न भए पनि पछिल्लो समय आयोजना अलपत्र परेको भन्दै उनीहरूले चिन्ता व्यक्त गरे । अध्यक्ष दाहालले उक्त टोलीका प्रतिनिधिलाई माओवादी केन्द्रको तर्फबाट आयोजना अगाडि बढाउन सरोकारवाला निकायसँग छलफल गरी आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको उनका सचिवालयले बताएको छ ।

# लिफ्टबाट तानेको पानी अपर्याप्त, सुक्न थाल्यो रोपो

**काठमाडौं ।** साउनको दोस्रो साता लाग्ने लाग्दा समेत पर्याप्त वर्षा नहुँदा चितवनका किसानले लगाएको धानबालीको रोपो खेतमै सुक्न थालेको छ । वर्षा नहुँदा किसानले ढिलैगरी लगाएको धानबाली सिँचाइको अभावले जमिन सुक्न थालेपछि रोपो हरियो हुने समय सुक्न थालेको हो ।

यस वर्ष पर्याप्त वर्षा नभएर अधिकांश स्थानमा ढिलो गरी रोपिएको धानबाली समेत खोलानाला र नदीमा पानीको सतह घटेपछि पालो मिलाएर सिँचाइ गर्न बाध्य छन् किसान । नारायणी लिफ्ट सिँचाइ प्रणालीमा निर्भर भरतपुर महानगरपालिका अन्तर्गत पश्चिम चितवमा समेत खगेरीका कारण खोलामा पानी सुक्न थालेपछि नहरबाट पानी छोडेर सिँचाइ गर्नुपर्ने अवस्था सिर्जना भएको हो । नारायणी लिफ्ट तथा खगेरी सिँचाइ व्यवस्थापन कार्यालयले अहिले पश्चिम चितवनका किसानलाई सिँचाइ सुविधा उपलब्ध गराइरहेको छ ।

कार्यालयका प्रमुख कुलराज चालिसेले खडेरीका कारण किसानको मागअनुसार २४ घण्टा नहरमार्फत पानी छोडिएको जानकारी दिए । 'पानी परेको भए सिँचाइको माग घट्थ्यो, तर खडेरीका कारण नहर नियमित सञ्चालन गर्नुपरेको छ । नदीमा बेला-बेलामा लेदो आउँदा पम्पमा समस्या आउने गरे पनि सिँचाइ सेवा निरन्तर छ' उनले भने । लामो खगेरीले खोलाको पानी सुकेको अवस्थामा नारायणी लिफ्टको पानी खगेरीको नहरमार्फत पठाइएको जानकारी दिँदै प्रमुख चालिसेले 'बी' क्यानालको उपशाखा नहरमध्ये बीएल-६ बाट खगेरीको मूल नहरमा पानी पठाउन थालिएको बताए ।

नारायणी लिफ्टबाट चार हजार ७ सय हेक्टर क्षेत्रफलमा सिँचाइ भइरको उनले बताए । खडेरीको कारण सारदानगर, शिवनगर, पार्वतीपुर, जयनगरलगायतका क्षेत्रमा रोपाइ गर्न समस्या परिरहेको समेत उनले बताए । पश्चिम चितवनका किसान एवं खगेरी सिँचाइ आयोजनाका उपाध्यक्ष खिलराज रेग्मीले खडेरीका कारण आकाशे पानी कुरेर धान रोप्नुपर्ने बाध्यता आएको बताए । 'खोलामा पानी सुक्यो । खडेरीका कारण धान रोप्न पाइएन' रेग्मीले भने 'नारायणी लिफ्टको पानी आएपछि केही राहत मिलेको छ, तर नहरमा पनि पानीको मात्रा पर्याप्त छैन ।'

उनले आलो-पालो गरे पनि समयमा पर्याप्त पानी नपाइरहेको किसानले गुनासो गर्ने गरेको पनि रेग्मीले बताए । सतह सिँचाइको क्षेत्रमा खडेरीका कारण रोपिएका धान बीउ समेत सुक्न थालेको उनले बताए । अहिलेसम्म जिल्लामा ८७.६० प्रतिशत रोपाइ भए पनि खडेरीको असरले कतिपय ठाउँमा रोपिएको धान सुक्न थालेको बताउँदै जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलले भरतपुर महानगरको पश्चिम क्षेत्रमा अझै रोपाइ बाँकी हरेको जानकारी दिए । जिल्ला भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाका प्रमुख विश्ववन्धु केसीले भूमिगत सिँचाइले धान रोपाइमा राहत पुग्ने भए पनि अहिले ट्यूबवेल सञ्चालनका लागि दिउँसो आवश्यक पर्ने विद्युत भोल्टेज नपुग्ने समस्या देखिएको बताए । दिनमा विद्युतको भोल्टेज नपुग्ने भएपछि किसान राति सिँचाइ गर्न बाध्य भए पनि उनले बताए ।

# छानबिन समितिको माग गर्दै संसद बहिष्कार

**काठमाडौं ।** बिहीबार बसेको प्रतिनिधिसभाको बैठक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसदहरूले बहिष्कार गरेका छन् । 'भिजिट भिसा' प्रकरणमा उच्चस्तरीय र संसदीय छानबिन समितिको माग गर्दै ती दुई दलका सांसदहरूले प्रतिनिधिसभा बैठक बहिस्कार गरेका हुन् ।

सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको बिहीबार बैठकको कारबाही सुरु गर्ने बित्तिकै रास्वपा र राप्रपाका सांसद उठेर विरोध जनाएका थिए । सभामुख घिमिरेले रास्वपा सांसद तोसिमा कार्कीलाई बोल्ने समय दिएका थिए । 'भिजिट भिसा' प्रकरणमा दुई महिनादेखि विरोध जनाउँदै आएको उल्लेख गर्दै सांसद कार्कीले उच्चस्तरीय छानबिन समिति नबनेसम्म विरोध नरोकिने बताए। दुई प्रतिपक्षी दलले विरोध गर्दा पनि संसद् चल्ने अनौठो अभ्यास भएको भन्दै उहाँले आपत्ति जनाए। भैंसेपाटीमा सडक विस्तार गर्न लाग्दा सशस्त्र प्रहरीले रोकेको बताउँदै सांसद कार्कीले स्थानीयको जग्गा अधिग्रहण गरेर बनेको मन्त्री भवनले बाटो विस्तार गर्न दिनुपर्ने माग गरे । मन्त्रीले घुस माग गरेको अडियो टेप प्रकरणको सही छानबिन नभएको भन्दै उहाँले आपत्ति जनाए ।

यसैगरी, राप्रपाका सांसद दीपकबहादुर सिंहले 'भिजिट भिसा' प्रकरणमा संसदीय छानबिन समिति नबन्दासम्म संसद्मा विरोध जारी रहने बताए । सरकारले सहिद गङ्गालाल अस्पताललाई सहुलियत वापतको ७० करोड नदिएकाले बच्चाको मुटुको उपचार रोकिएको भन्दै तत्काल उक्त रकम दिनुपर्ने उनको माग थियो । 'भिजिट भिसा' प्रकरणका नाममा संसदमा विरोध गर्दै आइरहेका दुई दल रास्वपा र राप्रपाबीच पनि कस्तो छानबिन समिति गठन गर्ने भन्ने विषमा मतैक्यता छैन । रास्वपाले उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेको छ भने राप्रपाले संसदीय समितिको माग राख्दै आएको छ ।



# खानेपानी समस्या समाधानका लागि जनपरिचालन गर्न मन्त्रीको निर्देशन

**काठमाडौं ।** खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेसमा उत्पन्न भएको खानेपानी समस्या समाधानका निम्ति आवश्यक जनशक्ति परिचालन गर्न मातहतका निकायलाई निर्देशन दिएका छन् । सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा बिहीबार आयोजित उच्च व्यवस्थापन टिप (एसएमटी) बैठकमा मन्त्री यादवले विशेषगरी बारा र पर्सामा उत्पन्न खानेपानी समस्याको तत्काल समाधानका लागि सम्बन्धित एवं मातहत निकायका प्रमुखलाई आवश्यक जनशक्ति परिचालन गर्न निर्देशन दिएका हुन् ।

'विशेषगरी तराई-मधेस क्षेत्रका आठ जिल्लामा देखिएको खानेपानी समस्यालाई समाधान गर्न हाम्रो सम्पूर्ण जनशक्ति परिचालन गरौं' खानेपानी मन्त्री यादवले भने 'हाम्रो टिम र जनशक्ति खटिए त्यहाँको खानेपानीको समस्या समाधान गर्न सकिने छ ।' जलवायु परिवर्तनका कारण गहिरिँदै गएको तराई-मधेस क्षेत्रको खानेपानी संकटलाई मध्यनजर गर्दै समाधानका लागि दातृ निकाय, अन्तरराष्ट्रिय संघ संस्था तथा छिमेकी मुलुकसँग आवश्यक सहयोगका लागि पत्राचार गर्न समेत मन्त्री यादवले निर्देशन दिए ।

सोही बैठकबाट विपद व्यवस्थापनका लागि बजेट सुनिश्चितता, विनियोजित बजेटको लचिलो प्रयोगका लागि सहमति, खानेपानी आपूर्तिको व्यवस्थापका लागि सहजीकरण गर्न टोली खटाउने, अन्तरराष्ट्रिय सहयोगका लागि पहल गर्ने लगायतका निर्णय गरिएको मन्त्रालयका सचिव इन्जिनियर प्रमिलादेवी शाक्य बज्राचार्यले जानकारी दिइन् । खानेपानी तथा ढल व्यवस्थापन विभागमार्फत तराई-मधेसको सुक्खा क्षेत्रमा तत्काल खानेपानी आपूर्तिको व्यवस्थापका लागि सहजीकरण गर्न टोली खटाउने, पानीको सदुपयोग र सुरक्षित पानी प्रयोग गर्न जनचेतना मूलक कार्यक्रम दातृ निकाय तथा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा सञ्चालन गर्ने निर्णय भएको जानकारी दिँदै उनले मधेस प्रदेशका आठ जिल्लामा फिल्ड स्तरको टोली गठन गर्ने, एक जिल्ला एक टोली तथा टोलीमा एक जना सिनियर डिभिजनल इञ्जिनियर र एक जना इञ्जिनियर रहने गरी विभागबाट आवश्यक जनशक्ति तत्काल खटाउने निर्णय गरिएको जानकारी दिए ।

जिल्लामा खटिने टोलीले स्थलगत अध्ययन, प्राथमिकता पहिचान र शीघ्र खानेपानी समस्या समाधानको प्रस्ताव पेस गर्न जिम्मेवारी तोक्ने, टोलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला समवन्वय समिति र स्थानीय तहसँग समन्वय गरेर कार्य गर्ने, केन्द्रीय स्तरको सिँचाइको सहसचिवको नेतृत्वको समितिसँग र विभागले खटाएको समितिसँग समन्वय गर्ने निर्णय गरेको छ । बैठकले पानीको संकटग्रस्त जिल्लामा तत्काल खानेपानी आपूर्ति सुनिश्चित गर्न अर्थ मन्त्रालयमार्फत मित्र राष्ट्र एवं दातृ निकायसँग ट्याङ्कर, बोरिङ सेटअप, प्याकेज्ड वाटर वितरण लगायतका सम्भावित सहयोगका क्षेत्रमा राहत कार्यक्रम सञ्चालन गर्न सहकार्यका लागि अनुरोध गर्ने निर्णय समेत गरिएको मन्त्रालयले जनाएको छ ।

सचिव इञ्जिनियरिङ बज्राचार्यले मन्त्रालय मातहतका निकायमा विभिन्न शीर्षकमा विनियोजित बजेट विपद संकटग्रस्ट क्षेत्र घोषित जिल्लामा अत्यावश्यक खानेपानीको अल्पकालिन व्यवस्थापनका लागि तत्काल खर्च गर्न अर्थ मन्त्रालयसँग सहमति माग गर्ने निर्णय गरिएको छ ।

# कैलालीमा अझै कायम छन् छाउगोठ

**काठमाडौं ।** कानुनले छाउ बार्नुलाई 'कुप्रथा' मानिसकेको अवस्थामा पनि कैलालीका कतिपय गाउँमा अहिले पनि महिनावारी भएका बेला महिलालाई छाउगोठमा राख्ने गरिँदै आएको छ। अझै पनि कैलालीस्थित टीकापुरका ग्रामीण बस्तीमा छाउगोठ रहेको छ ।

समाजमा गलत अभ्यासका रूपमा रहेका छाउप्रथा उन्मूलन नहुँदा महिलाको सुरक्षा जोखिम परिरहेका छन् । हरेक वर्ष छाउगोठमा बसेकै कारण महिलाहरूले ज्यान गुमाइरहेका छन् । कुप्रथाका रूपमा अभ्यासमा रहेको छाउप्रथालाई समाजले त्याग्न नसक्दा टीकापुर नगरपालिका- २, ७ र ८ लगायतका वडामा अहिले पनि छाउगोठ रहेका अधिकारकर्मीहरू बताउँछन् ।

टीकापुर नगरपालिकाका सिनियर अनमी हिमा ज्ञवालीले महिनावारी भएका बेला सरसफाइ र पोषणमा ध्यान दिनुपर्नेमा गोठमा राख्ने, खान नदिने कुरा गलत भएको बताउँछिन् । 'महिनावारीमा समयमा सरसफाइ नपुग्दा पाठेघरको मुखको क्यान्सरको जोखिम बढेको छ' उनको भनाइ थियो 'पर्याप्त सरसफाइ, आराम र पोषिलो खानेकुरामा मात्र ध्यान दिनुपर्छ ।' स्वास्थ्यकर्मी ज्ञवालीका अनुसार हरेक अभिभावक र महिनावारी उमेरका महिला आफैं सचेत हुन आवश्यक छ । स्थानीय कमला न्यौपानेका अनुसार छाउ प्रथाका कारण माहिलामाथि विभेद गर्नु कानुनी अपराध भए पनि त्यसलाई अझै समाजले स्वीकारेको देखिँदैन । नगरपालिकास्थित जानकी गाउँपालिकाका ग्रामीण बस्तीका कतिपय घरमा अहिले पनि असुरक्षित छाउगोठ रहेका छन् । स्थानीय सरकार, संघसंस्था र सरोकारवालाले जनचेतना जगाउने कार्य गरिरहे पनि समाज सुधार्न नसकिएको उनले बताइन् ।

महिनावारी भएका बेला छाउगोठमा बस्दा कञ्चनपुरस्थित कृष्णपुर नगरपालिका-१ निगालीकी ३२ वर्षीया कमला आउजी दमाइँको केही दिनअघि सर्पले डसेर मृत्यु भयो । कमलाको मृत्यु भएपछि छाउ कुप्रथाबारे सुदूरपश्चिमका जिल्लामा पुनः बहस सुरु भएको छ । स्थानीय शिक्षक करुणा शर्माले छाउगोठमा बस्दा महिलालाई सर्पले टोक्ने, हिंसा तथा असुरक्षा बढ्ने गरे पनि परम्पराका नाममा महिलामाथि अपराध भइरहेको बताइन् । सुदूरपश्चिम र कर्णालीका जिल्लमा प्रचलित छाउपडी कुप्रथाले किशोरी तथा महिलालाई हिंसामा पारेको उनको बुझाइ छ- 'समाजले बुझ्ने, परिवारले सुरक्षा पहिलो अधिकार हो भनी सम्झने गर्नुपर्छ। महिनावारी पाप होइन भन्ने मानसिकता विकास आवश्यक छ ।' समाजमा अझै छोरी बुहारीलाई गोठमा सुताउनु गलत हो भन्नेबारे महिला सचेत हुनुपर्नेमा उनको जोड थियो ।

मानिसहरूलाई सम्झाउँदा पनि अझै सुधार नआएको जनप्रतिनिधि दीर्घबहादुर ठकुल्ला बताए । अघिल्लो कार्यकालमा आफूहरूले स्थानीय महिलाकै सक्रियतामा छाउगोठ भत्काए पनि पुनः गोठ निर्माण भएको बताए । 'समाजलाई नियमित सचेत गराउँदा पनि लापरबाही गरिरहेको देखिन्छ' उनले भने । जानकी गाउँपालिका-८ र ९ लगायतका वडामा अझै पनि छाउगोठमा महिला सुत्ने गरेको ८ नम्बर वडाध्यक्ष तीर्थराज उपाध्यायले बताए । उनले कानुनी व्यवस्थाबारे जानकारी दिने र कारबाहीका कार्य गरेमा मात्र सुधार हुने देखिएको समेत बताए ।

सरोकारवालाहरूका अनुसार प्रथा उन्मूलनका लागि गरिएका पहल सार्थक हुन सकेको देखिँदैन । कानुनी रूपमा छाउप्रथा मान्नु अपराध भए पनि कार्यान्वयमा आउन सकेको छैन । महिला बालबालिका शाखा प्रमुख संगीता शाहले 'छाउप्रथा बार्ने, अलग्गै गोठमा सुत्ने गरिएको छ ।

# खानेपानी र सिँचाइलगायत जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौं ।** राष्ट्रियसभाका सांसदहरूले तराईमा वर्षा नहुँदा खानेपानी र सिँचाइको अभावलागयत विविध सरोकारका विषयप्रति सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभा बैठकको विशेष समयमा आफ्नो धारणा राख्ने सांसदहरूले यस विषयमा गम्भीर हुन र सिँचाइका लागि वैकल्पिक व्यवस्था तथा किसानलाई राहतको व्यवस्था सरकारले गर्नुपर्ने धारणा राखेका हुन् ।

सांसद मोहम्मद खालिदले विद्यमान सरकार गठबन्धन बन्दै गर्दा भएका राजनीतिक स्थायित्व, सुशासन समृद्धि र संविधान संशोधनजस्ता सहमति कार्यान्वयन हुन नसकेको बताए । उनले सरकारको एक वर्ष बितिसक्दा पनि रोजगारी बढ्न नसकेको, कृषि उत्पादमा उल्लेख्य प्रगति नदेखिएको, सार्वजनिक ऋण बढ्दै गएको बताए । साउनको पहिलो सातासम्म पनि मधेशमा पानी नपरेको र सुख्खा हुँदा वर्खेबालीका लागि सिँचाइ तथा खानेपानीको चरम अभाव भएको विषयबारे सदनलाई जानकारी गराएका थिए । सांसद खालिदले चुरे दोहन, वालुवा-गिट्टीको अवैध उत्खनन्, जंगल फडानीजस्ता समस्याका कारण तराई क्षेत्रमा पानीको सतह घट्दै गएको बताए ।

तराई क्षेत्रमा वर्षा नहुँदा खडेरी परेको र जमिन मुनिको पानीको सतह समेत घट्दै गएको भन्दै अर्का सांसद तुलप्रसाद विश्वकर्माले त्यस विषयमा गम्भीर हुन सरकारको ध्यानाकर्षण गराए । सरकारले आर्थिक ऐनमार्फत सुनचाँदीका गरगहनामा दुई प्रतिशतको विलासिता शुल्क लगाएकोमा विषय उठान गर्दै उनले व्यवसायी आन्दोलित भइरहेको बताए । उनले सुदूरपश्चिम र कर्णाली क्षेत्रका महिला महिनावारी भएको बेला छाउगोठमा बस्ने कुप्रथा अझै अन्त्य हुन नसकेको विषयतर्फ समेत सदनको ध्यानाकर्षण गराए ।

यस्तै, सांसद राजेन्द्रलक्ष्मी गैरले जलवायु परिवर्तनका असर बढ्दै गएकाले अहिले खण्डवृष्टिका कारण तराई सुक्खाग्रस्त भएको र त्यसले बर्षेबालीको उत्पादन घट्ने देखिएकोतर्फ औंल्याइन् । पहाडी क्षेत्रमा बाँदर आतंक बढेको विषय सुनाउँदै उनले सुक्खाग्रस्त क्षेत्रका किसान र जंगली जनावरबाट प्रभावित किसानलाई सरकारले राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् । बारा, पर्सालगायतका जिल्लामा खानेपानी र सिँचाइको संकट देखिएको बताउँदै सांसद उर्मिला अर्यालले मधेसका सबैजसो जिल्लामा जलसंकट देखिएको बताइन् । जंगल विनाश बढ्दै गएका कारण त्यसको प्रभाव जलवायुमा देखिएको सांसद अर्यालको भनाइ थियो । उनले सिँचाइ र खानेपानीका लागि शीघ्र वैकल्पिक व्यवस्था मिलाउन संदनमार्फत सरकारको ध्यानाकर्षण गराइन् ।

अर्का सांसद गोपाल भट्टराईले संविधान संशोधनको अन्तरवस्तुमाथि छलफल अघि बढ्न नसकेको बताए । राजनीतिक स्थायित्वका लागि दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले)बीच गठबन्धन बनेको उल्लेख गर्दै उनले संविधान संशोधन, सुशासन र समृद्धिका लागि थप प्रतिबद्ध हुनुपर्ने बताए । बर्तमान सरकार समाजलाई आशातर्फ डोऱ्याउन सफल भएको दावी गर्दै उनले मुलुकको अर्थतन्त्रका सूचक सुधार हुँदै गएको जिकिर गरे । नेपाली राजनीतिमा विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गर्दै सांसद पदम बहादुर परियारले अहिलेका राजनीतिज्ञहरूले कोइरालाबाट प्रेरणा लिन सक्नुपर्ने धारणा व्यक्त गरे ।

# तराईमा खडेरी : खानेपानीको वैकल्पिक व्यवस्था गर्न माग

**काठमाडौं ।** विभिन्न राजनीतिक दलका नेताहरूले मधेस प्रदेशका आठ जिल्लामा खानेपानीको खडेर परेतर्फ औंल्याउँदै तत्काल विशेष वैकल्पिक व्यवस्था गर्नपर्नेमा जोड दिएका छन् ।

संघीय राजधानी काठमाडौंमा बिहीबार आयोजित एक साक्षात्कार कार्यक्रममा बोल्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले), मधेस प्रदेशका इन्चार्ज तथा स्थायी कमिटी सदस्य लिलानाथ श्रेष्ठले ५१ प्रतिशत रोपाइँ बाँकी भएको सप्तरी, सिरहा, सर्लाही, बारा, पर्सा, धनुषा, महोत्तरी र रौतहट जिल्लामा पानीको लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने माग गरेका हुन् । 'तराईमा यही साउन १५ गतेपछि बाँकी धान रोपाइँ गर्ने भएको छ, मधेस सुक्खाग्रस्त क्षेत्र बन्नुको मुख्य कारण जलवायु संकट नै हो, वन-जंगलको विनाशको कारण हो, तत्काल सरकारले चुरे किनारामा ठूलो-ठूलो पोखरी, ताल निर्माण गर्नुपर्छ' उनको भनाइ थियो । तराई क्षेत्र सुक्खा भइरहेको अवस्थामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारले ठोस नीति बनाएर तत्काल राहत दिनुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा जनमत पार्टीका महासचिव तथा पूर्वमन्त्री चन्दन सिंहले प्राकृतिक दोहनको कारण तराईका क्षेत्रमा खडेरी परेको उल्लेख गर्दै सरकारले तत्काल वैकल्पिक व्यवस्था गर्नुपर्ने माग गरे । 'जलवायु संकटको व्यापक असर नेपालमा परेको छ, पानी नपरेपछि अहिले मधेसमा असर परेको छ' उनले भने 'मधेस कृषिप्रधान, कृषिमा आधारित क्षेत्र हो, यसमा नै असर पर्न गयो, चुरे दोहन हुनु मुख्य कारण हो ।' मधेसमा ५१ प्रतिशत धान रोपाइँ गरिए पनि पानीको अभावले खेत चिरा-चिरा भएको उनले बताए । मधेसमा पूर्णतः सिँचाइको वातावरण बनाउनुपर्नेमा जोड दिँदै उनले जमिनमुनिको आन्तरिक स्रोत समेत सुक्दा गाउँ, टोलको पानी सुकेको बारे सरकारले तत्काल वैकल्पिक माध्यम अपनाउनुपर्नेमा जोड दिए ।

# नेतृत्व हस्तान्तणको बहसप्रति महासचिव भुसालको कटाक्ष

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी एकीकृति समाजवादीका महासचिव घनश्याम भुसालले नेकपा एमालेमा भइरहेको नेतृत्व हस्तान्त्रणको बहसप्रति कडा कटाक्ष गरेका छन् । महासचिव भुसालले एमालेका अध्यक्ष केपी शर्मा ओलीले अझै बीस वर्ष नेतृत्व छोड्दिनँ भन्दा पनि दोस्रो तहका नेताहरूले प्रतिवाद गर्न नसकेको बताएका हुन् ।

नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको स्मृति दिवसको पूर्वसन्ध्यामा स्कुल अफ माक्सिज्मले संघयीय राजधानी काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै भुसालले युवा पुस्ताले नेतृत्व हस्तान्तरणको बहस उठाउँदा सुनुवाई नभएकोप्रति असन्तुष्टि व्यक्त गरे ।

विभिन्न समयमा भएका आन्दोलनबाट व्यवस्था परिवर्तन गरिए पनि सुशासन कायम हुन नसकेको उल्लेख गर्दै महासचिव भुसालले पछिल्लो समय ३५ वर्षमा देशमा व्यवस्था परिवर्तन भए पनि भ्रष्टाचार अन्त्य हुन नसकेको बताए । 'पञ्चायती शासन अन्त्य गर्न सकिन्छ, प्रजातन्त्र स्थापना गर्न सकिन्छ, राजतन्त्र फाल्न सकिन्छ, गणतन्त्र ल्याउन सकिन्छ, नाकाबन्दीका विरुद्ध भारतका गालामा तमाचा हान्न सकिन्छ, संविधान जारी गर्न सकिन्छ' महासचिव भुसालको भनाइ थियो 'संविधान जारी गर्न सकिन्छ, यो सबै हुँदो रहेछ तर घुस नखाने राज्य व्यवस्था बनाउन सकिँदो रहेनछ, यो हाम्रो दुर्भाग्य ।'

पार्टी नेतृत्वकर्ताहरूले घुस खाएर पार्टी कब्जा गरेको आरोप लगाउँदै उनले थपे 'त्यत्रो क्रान्तिकारी पार्टी बनाउन सकिँदो रहेछ तर घुस नखान सकिँदो रहेनछ ।' दलाल पुँजीवादकै विरुद्ध लडेर आएका कम्युनिस्ट पार्टीहरू अहिले उनीहरूको शरणमा परेको उनको आक्रोश थियो 'घुस खाने र पार्टी नेतृत्व कब्जा गर्नका लागि गुटबन्दी गर्न नसकिँदो रहेछ ।' कम्युनिस्ट आन्दोलन स्खलित भएको भन्दै उनले ३५ वर्षयताको उपलब्धी हेर्दा विचित्र रहेको बताउँदै मुलुकमा चरम बेथिती बढेको धारणा व्यक्त गरे ।

## हकिङकर्म...

चीज संचालित हुन्छन्; चाहे ब्ल्याक होलको व्यवहारको कुरा होस् वा तारा उत्पन्न हुने वा अन्त्य हुने कुरा नै किन नहोस् । कागजको रोल जस्तो सामान्य चीज जमिनमा खस्ने कुरालाई नै हेरौं वा चुम्बकीय कम्पासको सुई हल्लिने कुरा; यी सामान्य कुरा हुन् तर आधारभूत काम स्ट्रिङ सिद्धान्तका नियमहरूमा नै हुन्छन् ।

अहिले स्ट्रिङ सिद्धान्तका धेरै अलग-अलग संस्करण छन्, जसलाई सँगै मिलाउँदा 'एम सिद्धान्त' बन्छ । यसमा 'एम' को के अर्थ हुन्छ भन्ने कुरा कसैलाई थाहा छैन । त्यो 'मास्टर' हो, 'मिऱ्याकल' हो , 'मिस्ट्री' हो वा तीनै हो । जे भए भने हामीले अझै धेरै काम गर्नु छ । तर पूरा हुनुभन्दा पहिले नै यो 'एम सिद्धान्त' ले आश्चर्यजनक भविष्यवाणी गरेको छ - हाम्रो ब्रह्माण्ड एक्लो छैन, यस्तै धेरै अरु ब्रह्माण्ड छन् ।

भौतिकविज्ञानले न्यूटन र म्याक्सवेलको समयदेखि लिएर आजसम्मको धेरै लामो यात्रा गरेको छ। म यो अभियानमा भएकोले धेरै खुशी छु, जुन ऐतिहासिक मोड सावित हुनसक्छ । टोरेन्टो नजिकै रहेको 'प्यारामीटर इन्स्टिच्यूड अफ थ्योरिटिकल फिजिक्स' मा आफ्ना सहयोगीहरूसँगै म स्ट्रिङ सिद्धान्त अनुसार ब्रह्माण्डमा हाम्रो हैसियत के हुन्छ भन्ने कुरा सोचिरहेको थिएँ । स्ट्रिङ सिद्धान्तले एउटा धेरै आश्चर्यजनक कुरा गरेको थियो, ब्रह्माण्ड एक मात्र छैन, बरू यस्ता लाखौं-करोडौं ब्रह्माण्ड छन्; शायद यति धेरै ब्रह्माण्ड कि जति हाम्रो ब्रह्माण्डमा तारा पनि छैनन् । यसलाई राम्रोसँग बुझ्न स्ट्रिङ सिद्धान्तका तार संगीत निक्लिने भायलिनका ती तार जस्तै हुन् भन्ने कुरा पुनः स्मरण गर्नुपर्छ । यी तारका हरेक कम्पनबाट आधारभूत कण उत्पन्न हुन्छन् र प्रकृतिका शक्तिहरूलाई बल मिल्छ। तिनीहरूबाट नै हाम्रो ब्रह्माण्डका हरेक चीज बनेका छन् । तर संगीतका ती धुन अलग-अलग तार कम्पित हुँदा निक्लिन्छन् भन्ने कुरा पनि भुल्नु हुँदैन । ती अलग-अलग धुनले अलग-अलग कण र प्रकृतिका अलग-अलग शक्ति उत्पन्न गर्नेछन्, जसबाट एक अलग ब्रह्माण्ड बन्नेछ । धुन बदलिने वित्तिकै एक अलग ब्रह्माण्ड बन्नेछ ।

जसरी भायोलिनका तारहरूबाट अनगिन्ती सुर बन्न सक्छन्, त्यसरी नै लाखौं-करोडौं ब्रह्माण्ड पनि बन्न सक्छन् । हामी तिनीहरूलाई देख्न सक्दैनौं किनकि तिनीहरू हाम्रो ब्रह्माण्डको सीमाभन्दा धेरै टाढा हुन्छन् र तिनीहरू सबैको आफ्नै इतिहास हुन्छ । केही ब्रह्माण्ड यस्ता पनि हुन्छन्, जुन भङ्ग भएर आएकै ठाउँमा जान्छन् । केही यस्ता पनि छन्, जसले तारा वा ग्रह पैदा गर्न सक्दैनन् । त्यसकारण त्यहाँ अध्यारो हुन्छ, चीसो हुन्छ। तर केही धेरै ठूला हुन्छन् र हाम्रो ब्रह्माण्ड जसरी नै तारा र तारमण्डल बनाउँछन् । एक दिन यस्तो ब्रह्माण्ड पाइने संभावना पनि हुन सक्छ, जुन बिल्कुल हाम्रो ब्रह्माण्ड जस्तो होस् र हामी त्यहाँ रहन सकौं । यद्यपि अस्तित्वको अर्थ हाम्रो ब्रह्माण्ड हामी रहनको लागि सही छ भन्ने हो । स्पष्ट छ, ब्रह्माण्डको रहस्यको खोजीमा हामीले जुन परिणाम प्राप्त गरेका छौं, त्यसको हामीले कल्पना पनि गरेका थिएनौं । हामीले अरु ब्रह्माण्डको रहस्य पनि पत्ता लगाएका छौं । के लाग्छ भने 'एम सिद्धान्त' नियमहरूको त्यो प्रणाली हो, जसबाट हरेक चीज संचालित हुन्छ । यही नै बृहत् योजना (ग्र्याण्ड डिजाइन) हो ।

**सन्दर्भ स्रोत**:
Secrets of the Universe With Stephen Hawking | Full Documentary
https://www.youtube.com/@VigyanShow

# संविधान कार्यान्वयनमा नेतृत्व चुकेको छ : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले गणतन्त्रपछि मुलुकमा उल्लेख्य प्रगति भए पनि संविधानले व्यवस्था गरेका मौलिक हकलाई कार्यान्वयन गर्नबाट राजनीतिक नेतृत्व चुकेको धारणा व्यक्त गरेका छन् ।

यहाँ आयोजित एक विशेष परिसंवाद कार्यक्रममा बोल्दै अध्यक्ष दाहालले अब संविधानको परिमार्जन गर्ने समय आएको बताएका हुन् । 'नेपाल खबर डट कम'को १०औं वार्षिकोत्सवका अवसरमा अयोजित परिसंवाद कार्यक्रममा धारणा व्यक्त गर्दै भने 'आर्थिक सूचक राम्रा छन् भनिएका बेला दैनिक हजारौं संख्यामा युवा पलायन हुनु र देशले कुनै बेला निर्यात गर्ने खाद्य वस्तु अहिले अर्बौं रूपैयाँमा आयात हुने अवस्था किन अयो भन्ने विषयमा गम्भीर हुनुपर्छ ।'

सुशासन कायम गर्नु देशको सर्वाधिक ठूलो चुनौती भएको उल्लेख गर्दै भ्रष्टाचारका कारण पनि नकारात्मक भाष्य फैलाउनलाई सहयोग पुगेको पूर्वप्रधानमन्त्री दाहालको भनाइ थियो । माओवादी केन्द्रलाई अहिले पनि निजी क्षेत्र विरोधी शक्तिका रूपमा लिने गरिएको जिकिर गर्दै उनले आफूले शान्ति प्रक्रियामा आएदेखि नै निजी क्षेत्रको अपरिहार्यताबारे बोल्ने गरेको र पदमा रहेका बेला निजी क्षेत्रसँग सर्वाधिक समय छलफल गरेको बताए । 'उदारवादले मात्र न्याय गर्दैन भनेका हौं' उनको भनाइ थियो ।

कार्यक्रममा नेपाली काग्रेसका नेता डा मिनेन्द्र रिजालले जनतामा छाएको निराशका कारणलाई सुक्ष्म ढंगले केलाएर सम्बोधन गर्नु सबै राजनीतिक शक्तिको कर्तव्य भएको बताए ।

# वर्षाका कारण देशभरका ११ राजमार्ग पूर्णरूपमा अवरूद्ध

**काठमाडौं ।** अविरल वर्षाबाट बाढीपहिरोका कारण देशभरका ११ राजमार्ग पूर्ण रूपमा अवरुद्ध बनेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार गत शनिबार साँझदेखि अविरल पानी पर्दा देशभरका मुख्य ११ राजमार्ग अवरुद्ध भएको हो ।

अविरल वर्षाका कारण संखुवासभास्थित कोशी राजमार्ग, पाँचथरस्थित मेची राजमार्ग, र तमोर करिडोर सडकखण्ड, एवं मध्यपहाडी लोकमार्ग अवरुद्ध भएका छन् । रसुवास्थित पासाङ-ल्हामु राजमार्ग, बाग्लुङस्थित कालीगण्डकी करिडोर, मुस्ताङस्थित जोमसोम-लोमान्थाङ सडक, रोल्पास्थित सहिद राजमार्ग, रुकुम पश्चिमस्थित जाजरकोट-डोल्पा भेरी करिडोर र बैतडीस्थित महाकाली राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएका पनि प्रहरीले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयले अविरल वर्षाका कारण काठमाडौंस्थित टोखाबाट नुवाकोट जाने सडकखण्ड, बागलुङ नगरपालिकास्थित कालीगण्डकी करिडोर, बागलुङको गलकोटस्थित मध्यपहाडी लोकमार्ग, नवलपरासी पूर्वस्थित कालीगण्डकी करिडोर, रोल्पाको परिवर्तन गाउँपालिकास्थित सहिद राजमार्ग एकतर्फी सञ्चालन भएको उल्लेख गरेको छ ।

# औषधिको गोदामबाटै ठूलो परिमाणमा लागूऔषध बरामद

**झापा ।** इलाका प्रहरी कार्यालय बिर्तामोडले झापाको मुख्य व्यापारिक केन्द्र बिर्तामोडको एउटा औषधि गोदामबाट एक लाख क्याप्सुलसहित ठूलो मात्रामा भण्डारण गरिएको लागू औषध र प्रतिबन्धित औषधि बरामद गरेको छ । इप्रका बिर्तामोडका प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठले बिर्तामोड नगरपालिका-५ स्थित मनकुमार संग्रौलाको दुईतले घरको भुईंतलामा दुई कोठा भाडामा लिएर लागू औषध र प्रतिबन्धित औषधि भण्डारण गरेको फेला पारिएको जानकारी दिएका हुन् ।

ठूलो परिणामको लागू ओषध र प्रतिबन्धित औषधिहरू फेला पारिएको पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको प्रनाउ श्रेष्ठले बताए । उनका अनुसार बरामद भएका लागू औषध तथा प्रतिबन्धित औषधिहरूमा ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल एक लाख तीन हजार आठ सय थान, ट्रामाडोल हाइड्रोक्लोराइड इन्जेक्सन एक हजार आठ सय सत्तरी थान, ट्रामाडोल एन्ड एसिटामिनोफेन ट्याब्लेट चार हजार पचास थान, डाइक्लोमाइन एचसिएल ट्याब्लेट ९७ हजार सात सय थान, जेनेग्रा एमटी रेड ट्याब्लेट आठ हजार नौसय थान र टर्मिपिल किट्स सात हजार ६ सय पचास रहेका पनि प्रहरीले बताएको छ ।

प्रहरीले बरामद सामग्रीसँगै पक्राउ परेका अभियुक्त अर्जुनधारा नगरपालिका- ६ निवासी २५ वर्षीय विनोद घिमिरेलाई पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको जनाएको छ । 'प्रहरी टोलीले सूचना पाएको आधारमा भाडाको कोठामा पुगेर हेर्दा ठूलो मात्रामा लागू औषध र प्रतिबन्धित औषधि फेला परेको हो' उनले भने 'नियन्त्रणमा लिइएका व्यक्तिलाई भण्डारण, ओसारपसार र वितरण कसुरमा आजै मुद्दा दर्ता गरी कारब ाहीको प्रक्रिया अघि बढाइएको छ ।' प्रहरीले एउटा मोटरसाइकल र दुई थान मोबाइल समेत बरामद गरेर नियन्त्रणमा लिएको जानकारी दिएको छ । प्रनाउ श्रेष्ठले बरामद भएका प्रतिबन्धित औषधिको कारबाहीका लागि औषधि व्यवस्था विभागसँग समन्वय भइरहेको र विभागले नै थप कानुनी कारबाही अघि बढाउने जानकारी दिए । यस आपराधिक घटनामा अरू को-को संलग्न रहेका छन् भन्ने विषयमा अनुसन्धान जारी रहेको उल्लेख गर्दै उनले दोषीमाथि कानुनी कारबाहीमा कुनै कसर बाँकी नराखिने बताए ।

स्थानीयले लागू औषध र प्रतिबन्धित औषधि भण्डारण गरिएको कोठा विनोद घिमिरे र भानुभक्त खरेलको रहेको जानकारी दिएका हुन् । खरेलले बिर्तामोडमा सनलाइट फर्मा नामक औषधि पसल सञ्चालन गर्दै आएका छन् । अभियुक्तहरूले बिर्तामोडको गोदाममा भण्डारण गरिएका ती सामान पहाडी जिल्ला इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमसम्म आपूर्ति गर्दै आएको अनुमान गरिएको छ ।

# सौर्य एयरलाइन्सको जहाज दुर्घटनाको प्रतिवेदन सार्वजनिक

**काठमाडौं ।** सौर्य एयरलाइन्सको दुर्घटनाग्रस्त ९ एन-एएमई-सीआरजे २०० कलसाई जहाजको जाँचबुझ गर्न गठिन दुर्घटना जाँच आयोगले आफ्नो अन्तिम प्रतिवेदन बुझाएको छ ।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा आयोगका अध्यक्ष रतिशचन्द्रलाल समुनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेलाई समितिको अन्तिम प्रतिवेदन हस्तान्तरण गरेका हुन् । प्रतिवेदन बुझ्दै मन्त्री पाण्डेले कुनै पनि मुलाहिजा नराखेर प्रतिवेदन आएको उल्लेख गर्दै यसलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे । आयोगले प्रतिवेदन पेस गरेलगत्तै मन्त्रालयले आफ्नो 'वेबसाइट'मार्फत प्रतिवेदन सार्वजनिक गरेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गत साउन ९ गते मर्मतका लागि पोखराका लागि उडेको सौर्य एयरलाइन्सको जहाज धावनमार्ग नजिकै दुर्घटनाग्रस्त हुँदा जहाजमा सवार १८ जनाको मृत्यु भएको थियो । उक्त दुर्घटनामा पाइलट मनीष शाक्य भने बाँच्न सफल भएका थिए । जहाज दुर्घटना भएकै दिन सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्रलाल सुमन नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो ।

# भेरी नदीमा टिपर खस्दा तीन जना बेपत्ता

**काठमाडौं ।** भेरी नदीमा टिपर खस्दा बुधबार राति तीन जना बेपत्ता भएका छन् । जाजरकोटको नलगाड नगरपालिकाको दल्लीबाट जाजरकोटकै रिम्नातर्फ आउँदै गरेको भेरी करिडोरको काम गर्दै आएको यती विल्डर्सको रा१क१५०१ नम्बरको टिपर रुकुमपश्चिमको आठबीसकोट-१४ पिपलचौरस्थित भेरी नदीमा खसेको इलाका प्रहरी कार्यालय रिम्नाका प्रहरी नायव निरीक्षक शिउकुमार चौधरीले जानकारी दिए ।

उनका अनुसार टिपरमा सवार चालकसहित तीन जनाको अवस्था अज्ञात रहेको छ । प्रहरी नायव निरीक्षक चौधरीले बेपत्ताको खोजीमा रुकुमपश्चिम र जाजरकोटको प्रहरी टोली परिचालन गरिएको समेत जानकारी दिए । उनले भेरी नदीमा पानीको मात्रा अत्यधिक भएकाले बेपत्ताको खोजी गर्न कठिनाइ भइरहेको बताए । बेपत्ता भएकाहरूको नाम ठेगाना केही खुल्न नसकेको प्रहरीले जनाएको छ ।

# नेपाली कम्युनिस्ट आन्दोलनमा पुष्पलालका योगदानको स्मरण

**काठमाडौं ।** नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४७औं स्मृति दिवसका अवसरमा विभिन्न कम्युनिस्ट पार्टीहरूले देशभर नेपाली कम्युनिस्ट आन्दोलनमा उनको महत्वपूर्ण योगदानको स्मरण गर्दै मनाएका छन् ।

पुष्पलाल स्मृति दिवसका अवसरमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले संस्थापक महासचिव श्रेष्ठप्रति उच्च सम्मान व्यक्त गरेका हुन् । आफ्नो सामाजिक सञ्जालमार्फत पुष्पलालप्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका छन् । 'आज नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालको स्मृति दिवस । श्रद्धेय नेता पुष्पलालप्रति उच्च सम्मान, भावपूर्ण श्रद्धाञ्जली !' अध्यक्ष ओलीले सामाजिक सञ्जालमा लेखेका छन् ।

यसैगरी, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले कम्युनिस्ट आन्दोलनका संस्थापक पुष्पलाल नेपालीले कहिल्यै पनि बिर्सन नसक्ने पात्रका रूपमा रहेको भन्दै उनको स्मरण गरेको छन् । पुष्पलाल स्मृति दिवसका अवसरमा एक विज्ञप्ति जारी गर्दै अध्यक्ष नेपालले नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन र नेपाली समाजको रूपान्तरणका लागि पुष्पलालले सुरु गरेको यात्रा अहिले विभिन्न प्रकारले विस्तारित भइरहेको बताए । मुलुकमा निरंकुशताविरुद्धको संघर्षमा जनतालाई संगठित गर्न कम्युनिस्ट पार्टी स्थापनामा उनले निर्वाह गरेको भूमिका आज पनि उत्तिकै महत्वपूर्ण रहेको उल्लेख गरे ।

कम्युनिस्ट आन्दोलनको विकाससँगै क्रान्तिले एकपछि अर्को उपलब्धि हासिल गरिरहेको उल्लेख गर्दै अध्यक्ष नेपालले भने 'यस अर्थमा हामी उहाँलाई कहिल्यै बिर्सन सक्दैनौं ।' नेपालले पुष्पलालको सिंगो जीवनयात्रा, सैद्धान्तिक, वैचारिक रचना र कार्यक्रममा नेपाली जनताको मुक्ति र समाजिक विकासका लागि महत्वपूर्ण रहेको विचार व्यक्त गरे ।

जीवनको अन्तिम घडीसम्म आफ्नो आस्थाप्रति अटल र अविचलित रही पुष्पलालले संघर्षको यात्रामा अविराम क्रियाशील श्रेष्ठले नेपाली समाजको ऐतिहासिक भौतिकवादी ढंगले व्याख्या गरेर समाजमा विद्यमान वर्ग विश्लेषण, त्यसको विकासक्रम, वर्गीय अन्तरविरोधको पहिचान तथा समाधानका उपायहरूलाई मार्क्सवादी ढङ्गले व्याख्या गर्ने कामको अगुवाइ गरेको उनको विचार थियो ।

# देशभर मनसुनी वायुको प्रभाव कमजोर

**काठमाडौं ।** पछिल्लो दिन देशभर मनसुनी वायुको प्रभाव कमजोर रहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाले बिहीबार मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतर्फ अवस्थित रहेको जनाएको हो । महाशाखाले बिहीबार कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतया बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहनेछ । कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थान तथा देशका बाँकी भू-भागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

बिहीबार राति कोशी, मधेस र बागमती प्रदेशलगायत देशका पहाडी भू-भागमा साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदली रहने महाशाखाद्वारा प्रकाशित बुलेटिनमा उल्लेख छ । बुलेटिनमा कोशी, मधेस र बागमती प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी प्रदेशका पहाड र तराईका साथै मधेस प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाको बुलेटिनमा उल्लेख छ ।

# एमाले केन्द्रीय कमिटी बैठक : विधान संशोधनसहित आठबुँदे प्रस्ताव पारित

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको नवौं बैठकले पार्टीको विधान संशोधनसम्बन्धी प्रस्तावलाई सुझावसहित सर्वसम्मतिले पारित गरको छ ।

साउन ५ र ६ मा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा बसेको बैठकले मुलुकको समसामयिक राजनीतिक गतिविधि, सरकारको प्रभावकारिता, विधान महाधिवेसनलगायत समसामयिक विषयमा आठबुँदे प्रस्ताव पारित गरको छ । सोही बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई उच्च सम्मान व्यक्त गर्ने निर्णय गरेको छ । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले विशेषगरी विधान संशोधनसम्बन्धी प्रस्तावमा घनिभूत छलफल भएको केन्द्रीय कमिटीको बैठकमा २६४ जना सदस्यहरूले आ-आफ्नो धारणा राखेको र बैठकले आठबुँदे प्रस्ताव पारित गरेको जानकारी दिए ।

उनका अनुसार बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीले मुलुकको समसामयिक राजनीतिक विकासक्रम, पार्टीलाई अझ सशक्त र लोकप्रिय बनाउने, विधान महाधिवेशनलगायत विषयमा धारणा राखेका थिए । केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव वडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष प्रा डा पुष्प कँडेल र केन्द्रीय सल्लाहकार परिषदका अध्यक्ष अमृतकुमार बोहराले आ-आफ्नो आयोगको प्रतिवेदन प्रस्तुत गरेका थिए । बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव प्रस्तुत गरेका थिए भने महासचिव शंकर पोखरेलले संगठनात्मक कामका बारेमा जानकारी गराएका थिए । केन्द्रीय कमिटीका सदस्यहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी विधान संशोधनसम्बन्धी प्रस्ताव पार्टीको प्रदेश र जिल्ला कमिटीहरूमा थप सुझावका लागि पठाइने निर्णय भएको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिए ।

सोही बैठकले एमाले र नेपाली काग्रेसबीच सम्पन्न सातबुँदे सहमतिको जगमा उभिएर पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीको नेतृत्वमा बनेको वर्तमान सरकारले बलियो राजनीतिक स्थायित्वको आधार तयार गरी सुशासनसहित देश र जनताका पक्षमा काम गरको ठहर गरेको छ । वर्तमान सत्ता सहकार्यलाई अझ सुदृढ गर्दै सातबुँदे सहमति कार्यान्वयनमा दृढताका साथ लाग्न र सरकारलाई अझ प्रभावकारी एवं गतिका साथ अगाडि बढाउन बैठकले आह्वान गरेको छ । 'महत्वपूर्ण नीतिगत सुधारसहित अर्थतन्त्रलाई लयमा फर्काएको छ । निजी क्षेत्रमा भरोसा जगाउने र बाह्य लगानी अभिवृद्धि गर्ने काम गरिएको छ । अवरुद्ध विकास निर्माणका कामहरूले गति लिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो कार्यकालमा उच्च प्राथमिकताका साथ दैलेखमा सुरु गरिएको पेट्रोलियम पदार्थको उत्खनन निष्कर्षमा पुगेको छ' एमालेले जारी गरेको प्रस्तावमा उल्लेख गरिएको छ । एमालेले दैलेखमा ५० वर्षसम्मको नेपालको आवश्यकता पूर्ति गर्नसक्ने मिथेन ग्यास भण्डार रहेको तथ्य सार्वजनिक हुनु निकै उत्साहपूर्ण विषय भएको बताएको छ । बाह्य सम्बन्धमा थप अनुकूलता सिर्जना गर्दै अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको उपस्थिति, 'एजेन्डा' र भूमिकालाई प्रभावकारी बनाउन वर्तमान सरकार सफल भएको बैठकले निष्कर्ष निकालेको छ ।

प्रस्तावमा भ्रष्टाचार र अनियमितताप्रति निःसर्त विरोध एवं सुशासन र विधिको शासनप्रति अविचलित निष्ठा पार्टीको आधारभूत मान्यता रहँदै आएको र यसै मान्यतामा उभिएर भ्रष्टाचार विरुद्धका कानुनहरू निर्माण गर्न, नियमनकारी निकायहरूलाई प्रभावकारी बनाउन र समाजमा सुशासनका पक्षमा जनचेतना अभिवृद्धि गर्न पार्टी निरन्तर क्रियाशील रहँदै आएको बताइएको छ । बैठकले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालप्रति श्रद्धासुमन अर्पण गर्दछ र उनको आदर्शलाई पछ्याउँदै नेपाली कम्युनिस्ट आन्दोलनलाई थप सुदृढ, एकताबद्ध र निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने संकल्प गरेको छ ।

यसैगरी, जलवायु अनुकूलका कार्यक्रमहरूको विस्तार र चुरे क्षेत्रको संरक्षण एवं पुनर्भरणका विशेष कार्यक्रमहरू तत्काल कार्यान्वयन गर्दै तराई मधेसको दीर्घकालीन समस्या समाधान गर्न सरकारसँग माग गरेको छ । केन्द्रीय कमिटीको बैठकले नेपाली किसानहरूले भोग्नुपरेका समस्याहरूको तदारुकताका साथ समाधान गर्न, किसानको जीवनस्तर माथि उठाउन र खाद्य सुरक्षा प्रत्याभूत गर्न सरकारको ध्यानाकर्षण गरेको छ ।

यस्तै, असार २४ गतेको अविरल वर्षा र बाढीले रसुवामा जनधनको ठूलो क्षति पुऱ्याएकाले पीडितहरूलाई राहत र ध्वस्त संरचनाहरूको पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउँदै मितेरी पुल यथाशीघ्र निर्माणका लागि मित्रराष्ट्र चीनसँग आवश्यक समन्वय र कूटनीतिक पहलका लागि बैठकले आह्वान गरेको छ ।

## एमालेको ढोका...

'संवैधानिक राष्ट्राध्यक्षको व्यवस्था रहेको हाम्रो लोकतान्त्रिक प्रणाली कार्यकारी प्रमुखका रूपमा राष्ट्रपति रहने मुलुकको प्रबन्धभन्दा भिन्न रहेको स्पष्ट छ,' एमाले निर्णयमा उल्लेख छ- 'यस्तो गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि र त्यसबाट अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्कने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन। यसो गर्दा राष्ट्रपतिले पदीय जिम्मेवारीमा रहँदा सम्पादन गरेका कामहरू समेत विवादित हुन सक्छन्।'

केन्द्रीय कमिटीको उक्त बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण समेत अस्वीकार गर्दै उनी पार्टी राजनीतिमा सक्रिय हुने विषय अस्वीकार्य हुने निर्णय गरेको छ। 'नेपाली जनताको लामो, कष्टपूर्ण र बलिदानी संघर्षका बलमा सयौं वर्ष पुरानो सामन्ती राजतन्त्रलाई अन्त्य गर्दै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ,' एमाले निर्णयमा उल्लेख गरिएको छ- 'युगान्तकारी परिवर्तन र जनताको सर्वोच्चताको प्रतीकका रूपमा रहेको गणतन्त्रलाई थप प्रतिष्ठित गर्दै संस्थागत, सुदृढ र प्रभावकारी बनाउनु सबै राजनीतिक दल र आम नागरिकको कर्तव्य हो। लोकतान्त्रिक गणतन्त्र एउटा राजनीतिक प्रणाली मात्र होइन, यो आफैंमा संस्कृति, मूल्य र आचरण पनि हो। हामीले अवलम्बन गर्ने अभ्यास, अनुकरण गर्ने शैली र स्थापित गर्ने मान्यताहरूले यसलाई समग्र पद्धतिको रूपमा विकास गर्दै लैजान्छन्। डेढ दशक अगाडि मात्रै स्थापना गरिएको लोकतान्त्रिक गणतन्त्रलाई समग्र प्रणाली र राष्ट्रको जीवनका रूपमा स्थापित गर्न हामीले अवलम्बन गर्ने अभ्यास, अनुकरण गर्ने शैली र स्थापित गर्ने मान्यताहरूले यसलाई समग्र पद्धतिको रूपमा विकास गर्दै लैजान्छन्। डेढ दशक अगाडि मात्रै स्थापना गरिएको लोकतान्त्रिक गणतन्त्रलाई समग्र प्रणाली र राष्ट्रको जीवनका रूपमा स्थापित गर्न हामीले तदनुरूप सचेतना र संयमका साथ काम गर्दै जानुपर्छ।'

नेपालको संविधानले राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतीक, संविधानको संरक्षक, पालनकर्ता र नेपाली सेनाको पराधिपति जस्ता गुरुत्तर दायित्व सुम्पिएको छ,' एमाले निर्णयमा अगाडि भनिएको छ- 'यो भूमिका आफैंमा अत्यन्त सम्मानित, गरिमायुक्त र ऐतिहासिक महत्त्वको छ। राष्ट्रपति संस्थाको यही गरिमामय ओहोदालाई ध्यानमा राखेर त्यस जिम्मेवारीमा निर्वाचित हुने व्यक्ति आफ्नो दलीय या अन्य संस्थागत आबद्धताबाट पूर्ण रूपमा मुक्त भएर निष्पक्ष भूमिकामा रहने र पदमा रहँदा संवैधानिक सीमाभित्र रहेर काम गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ।'

'भविष्यको कुनै आशा या त्रासमा रहेर कार्यसम्पादन गरियो भने त्यसको विश्वसनीयतामाथि प्रश्न उठ्ने स्थिति उत्पन्न हुन जान्छ भन्ने कुरामा हामी सबै सजग बन्नैपर्छ,' एमालेले निर्णयमा लेखेको छ- 'गणतन्त्र नेपालका प्रथम राष्ट्रपतिले यस सन्दर्भमा स्थापना गर्नुभएको दृष्टान्त यहाँनिर स्मरणीय छ। मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न सात दशकभन्दा बढी समय बलिदानी संघर्षको अग्रमोर्चामा रहेको र नेपालको संविधान निर्माणमा नेतृत्वदायी र निर्णायक भूमिका खेलेको नेकपा (एमाले) यस प्रणालीलाई रक्षा, विकास र सुदृढ गर्न दृढ संकल्पित छ। सम्माननीय पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेपाली राजनीतिमा एकजना सम्मानित नाम हो। हिजो आफ्नो पार्टीको केन्द्रीय नेतृत्वमा र उपाध्यक्षको ओहोदामा रहँदा होस् या सम्मानित राष्ट्रपतिको जिम्मेवारीमा रहँदा, उहाँले अत्यन्त गरिमामय ढंगले ती ओहोदाहरूलाई उचित न्याय र उत्कृष्ट कार्यसम्पादन गर्नुभएको छ। नेपालमा लैङ्गिक समानता र समावेशिताको 'आइकन' का रूपमा रहनुभएको उहाँलाई उहाँका यिनै योगदानका कारण गत वर्ष नेपाल कम्युनिस्ट पार्टीको हीरक वर्ष समारोहमा 'गणतन्त्र गौरव' का रूपमा सम्मान गरेको सन्दर्भ यहाँनिर स्मरणीय छ।'

'यिनै पृष्ठभूमि, सन्दर्भ र मान्यतालाई ध्यानमा राखेर केन्द्रीय कमिटीको यो बैठक संवैधानिक राष्ट्रपति, उपराष्ट्रपति जस्ता उच्च संवैधानिक ओहदामा पुगिसकेको व्यक्ति दलीय राजनीतिमा फर्कने विषय संविधानको मर्मअनुकूल नहुने, यसले पदमा बहाल रहँदा गरेका कामहरूको संवैधानिकता र निष्पक्षतामाथि प्रश्न उठ्ने, लोकतान्त्रिक मूल्यहरूलाई कमजोर गर्ने र व्यक्ति स्वयंको सम्मानित व्यक्तित्वलाई विवादित बनाउने मान्यतामा उभिएर त्यस्तो अभ्यास गर्न नहुने निर्णय गर्दछ'- एमालेको मंगलबार राति सम्पन्न भएको केन्द्रीय समिति बैठकमा निर्णयमा उल्लेख गरिएको छ।

## भ्रष्टाचारमा निलम्बित सांसदलाई प्रजिअको स्वागत आपत्तिजनक : सापकोटा

**सिन्धुपाल्चोक।** सांसद माधव सापकोटाले प्रमुख जिल्ला अधिकारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अदालतमा भ्रष्टाचार मुद्दा दर्ता भएपछि सांसदबाट निलम्बनमा परेका मोहन बस्नेतलाई प्रमुख अतिथि बनाएको भन्दै आपत्ति व्यक्त गरेका छन्।

सांसद सापकोटाले गृहमन्त्रीले उक्त विषयमा संसदमा जानकारी दिनुपर्ने माग गरेका हुन्। प्रतिनिधिसभाको बैठकमा बुधबार सांसद सापकोटाले टेरामक्स प्रणालीको भ्रष्टाचारमा निलम्बनमा परेका मोहन बस्नेतलाई सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारीले प्रमुख अतिथि बनाएको बताए। 'टेरामक्स प्रकरणमा अदालतमा मुद्धा परेर कानुनी रूपमा पद समेत निलम्बनमा परेका व्यक्तिलाई सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारीले सरकारी कार्यक्रम आयोजना गरेर प्रमुख अतिथिका रूपमा आमन्त्रण गरियो' सांसद सापकोटाको आपत्ति थियो 'सानका साथ रातो कार्पेट र ठूलठूला माला लगाएर सानका साथ फोटो खिचेर जिल्ला प्रशासन कार्यालयको सामाजिक सञ्जाल अकाउन्टबाट अपलोड गरिन्छ।'

भ्रष्टाचार मुद्धा लागेर सांसद पद समेत निलम्बन गरिएको भनेर सिन्धुपाल्चोकका प्रजिअले संसदको पनि अवमूल्यन गरेको आरोप लगाए। 'यही संसदले सार्वजनिक पद निलम्बन गरेको हो। सरकारी कार्यक्रममा निलम्बनमा परेका र मुद्धा समेत चलेका व्यक्तिलाई प्रमुख अतिथिका रूपमा राख्नु भनेको संसदको समेत अवमूल्यन हो' भन्दै सांसद सापकोटाले प्रश्न गरे 'यस विषयमा गृहमन्त्रालयको आधिकारिक धारणा के हो ?'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको जिल्ला प्रतिनिधि प्रमुख जिल्ला अधिकारी नै हुने बताउँदै सापकोटाले बस्नेतलाई प्रमुख अतिथि बनाएको विषयमा अख्तियारको पनि ध्यानाकर्षण हुनुपर्नेमा जोड दिए। यस विषयलाई राष्ट्रिय सतर्कता केन्द्र र हेलो सरकारले समेत हेर्नुपर्ने उनको माग थियो। मन्त्रीहरूले घूस मागेका अडियो सार्वजनिक भई परीक्षणबाट पुष्टि हुँदा समेत राजीनामा नआउनु र छानबिन तथा कारबाही नहुनु बेथितिको पराकाष्ठा भएको समेत सांसद सापकोटाको बताए।

## ओलीको रोकावटपछि विद्यापुत्री उषा रुष्ट

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पूर्व दल विशेषको सदस्य भएर राजनीतिमा सक्रिय हुनु उपयुक्त नहुने भन्दै सदस्यता नवीकरण रोक्ने निर्णय गरेपछि उनकी छोरी उषा किरण भण्डारीले सामाजिक सञ्जालमार्फत तीव्र असन्तुष्टि व्यक्त गरेकी छिन्।

मदन भण्डारी फाउन्डेसनकी अध्यक्ष समेत रहेकी भण्डारीकी छोरी उषाले यो निर्णयलाई लिएर छक्क परेको प्रतिक्रियाप्रति आफू अचम्मित भएको उल्लेख गर्दै पार्टीभित्रको निर्णय प्रक्रिया र मानवीय संवेदनाहीनताप्रति गहिरो व्यंग्य गरेकी हुन्। उनको सामाजिक सञ्जाल 'तपाईंहरूमध्ये कति जना यो निर्णयबाट छक्क परेका देखेर म छक्क परेँ, तपाईंहरू मानव प्रकृतिलाई नहेरी कसरी बाँचिरहेका छन्? निर्णय र निर्णयमा पुन गरिएको तिगडम दुवैबाट म चाहिँ अचम्मित छैन। म खुसी छु कि यो खुला रूपमा बाहिर आयो' पोष्टमा उल्लेख छ।

उषाले कमरेड पुष्पलालको स्मृति दिवसको सन्दर्भ जोड्दै आफ्नो परिवारले सधैँ नेकपा एमालेको नैतिक समर्थनमा जोड दिएको स्मरण गर्दै उल्लेख गरेकी छिन् 'आज कमरेड पुष्पलालको स्मृति दिवस पनि रहेछ, कस्तो संयोग, मलाई पहिले लाग्थ्यो किन उनको परिवार नेकपा एमालेमा नैतिक समर्थन गर्न पनि देखिने गरी प्रस्तुत हुँदैन। हामीलाई त आमाले राजनीति गर्न मन छैन भने पनि सधैँ देखिने गरी पार्टीको समर्थनमा उभिनु, नैतिक समर्थन गर्नु, टाढा नजानु भन्छिन्। सोहीअनुसार कोसिस कोरियो।'

उनले आफ्नो सामाजिक सञ्जालमा गरेको पोष्ट उल्लेख छ 'तर विगतको एक महिनादेखि मलाई ज्ञान भयो नैतिक समर्थन पनि गर्न नसकिने तहसम्म पुऱ्याउँछन्। नैतिक समर्थन खोज्दैनन् पनि। यो ज्ञानको बोझ आज यहाँ बिसाउने मौका यो प्रकरणले दियो। त्यस कारण यो प्रकरणलाई धन्यवाद।'

एमालेले नवीकरण मात्र होइन कि कुनै पनि दलमा आबद्ध भएर कार्यकर्ता वा नेता हुने विषय नै संविधानको भावना र मर्म विपरीत हुने समेत स्मरण गराएको हो। पार्टीको दुई दिनसम्म चलेको केन्द्रीय कमिटीको नवौं बैठकका निर्णय सार्वजनिक गर्दै प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जारी गरेको प्रेस विज्ञप्तिमा जनाए अनुसार भण्डारी राजनीतिमा आउने विषयले पार्टीको गम्भिर ध्यानाकर्षण भएको उल्लेख छ।

भण्डारीलाई पार्टीमा फर्काउने विषयमा विराम लगाउन एमालेले जारी गरेको विज्ञप्तिमा आठवटा कारण देखाइएको छ। 'मुलुकको राष्ट्राध्यक्ष, राष्ट्रिय गौरव, गणतन्त्रको प्रतीक, संविधानको पालनाकर्ता र संरक्षणकर्ता, सेनाको परमाधिपति, साझा व्यक्तित्व र देशको अभिभावक भएकाले कुनै पनि दल विशेषको पार्टी सदस्य र कार्यकर्ता वा नेता हुने कुरा यो गौरवमय जिम्मेवारी लिएको व्यक्तिबाट सम्भव हुँदैन र मिल्दैन भन्ने किष्कर्ष निकालेको छ' विज्ञप्तिमा भनिएको छ।

## अकुत सम्पत्ति थुपार्नेले नै छानबिनको माग गर्नु बेइमानी : लेखनाथ

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का नेता लेखनाथ न्यौपानेले राजनीतिमा लागेर अकुत सम्पत्ति थुपार्नेहरूले सम्पत्ति छानबिनको माग गर्नु जस्तो बेइमानी केही पनि भएको टिप्पणी गरेका छन्।

उपमहासचिव जनार्दन शर्माले हालै नेताको सम्पत्ति छानबिन गर्न माग गर्दै सार्वजनिक गरेको माग कार्यान्वयन नभएको भनेकोप्रति लक्षित गर्दै सो कुरा बताएका हुन्। उपमहासचिव शर्माले आफूले नेताको सम्पत्ति छानबिन गर्न माग गरेको तर नभएको बताएपछि सामाजिक सञ्जाल फेसबुकमा लेख्दै नेता न्यौपानेले प्रश्न गरे 'राजनीतिमा लागेर जसले अकुत सम्पत्ति थुपारेको छ, उसैले सम्पत्ति छानबिनको माग गर्नुजस्तो बेइमानी अरु के होला ?'

'यदि मुख्य नेतृत्व भ्रष्टाचार नगर्ने भयो भने ६० प्रतिशत भ्रष्टाचार त्यतिकै घट्छ, प्रधानमन्त्रीले भ्रष्टाचार नगर्ने र गर्न नदिने हो भने आधा भ्रष्टाचार त्यसै घट्छ। तर त्यस्तो संकल्प हाम्रो नेतृत्वमा देखिएन। मैले भने, हाम्रो सम्पत्ति छानबिन पारदर्शीता र सुशासन हामी भित्रबाट हुनुपर्छ, तर नारा सुशासन दिने, दुःखका साथ भन्नुपर्छ मनमोहन अधिकारी बाहेक अरु कम्युनिस्ट नेताले असुली धन्दा गरेकै छन्, यो ठहर भएकै छ। यो आरोप होइन, यथार्थ हो। तत्कालिन नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीबाहेक कुनै पनि नेपालका कम्युनिस्ट प्रधानमन्त्री विचौलिया र कमिसनखोरबाट टाढा रहन नसकेको स्वीकार गरेका छन्' उपमहासचिव शर्माको फेसबुकमा उल्लेख छ।

मार्क्सवादी अध्ययन केन्द्रले पुष्पलाल स्मृति दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा पूर्व अर्थमन्त्री शर्माले नेपालमा ९ पटक कम्युनिस्ट नेतृत्वको सरकार बने पनि सिद्धान्त अनुसार काम गर्न नसकेको बताए 'आज उत्पीडित जातिमाथिको अत्याचार के भइरहेको छ, पहिचानका मुद्धा जसरी हराइरहेका छन्। आज लाखौं लाख युवाहरू विदेशमा गएर विदेशको भूमिमा श्रम पसिना बगाइरहेका छन्।' उनले कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेका सरकारले जनतालाई के दियो भन्ने प्रश्न गर्दै पूर्व अर्थमन्त्री शर्माले अहिलेका ऐन कानुनहरू दलाल पुँजीपतिको पक्षपोषण गर्ने र ब्रम्हलुट गर्न टेवा पुऱ्याउने खालका रहेको भन्दै उनले सत्ताका लागि कम्युनिस्ट पार्टीले राज्य पुनसंरचनाको एजेण्डा छाडेको बताए।

नेपालका कम्युनिस्टले समाजवाद निर्माणको संवैधानिक दायित्व निर्वाह गर्न नसकेको भन्दै उनले भने 'हामीले राज्यपुर्नसंरचनाको कुरा उठाएका थियौं। तर त्यतातिर लागेनौं। हामी हतारमा सत्ताको कुर्सी प्राप्तिमा लाग्यौं। जसले गर्दा नयाँ संविधान कार्यान्वयन गर्न सकिएन। पुरानै राज्य संरचना, माइड सेटले नयाँ संविधानको कार्यान्वयन, जनताको अधिकारको कार्यान्वयन गर्न उनीहरू तयार भएनन्।' शर्माको आरोप थियो 'राजनीतिक नेतृत्व उनीहरूकै कारिन्दा जसे भयो। पुरानै माइन्ड सेटबाट परिचालित भए। व्यक्तिगत निहित स्वार्थमा पार्टनरसिप गरेर एकले अर्कालाई प्रशंसा गर्ने स्थिति सिर्जना भयो। यो दुर्भाग्यपूर्ण स्थिति हो।'


# गर्मी याममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं !

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खाने कुरा नखाऔं,
- खुला स्थानमा असुरक्षित तरिकाले राखिएका खाने कुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घरबाहिर हिँड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं